# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (कर्णाली प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन
## (आर्थिक वर्ष २०७९/८०)




## नेपाल राष्ट्र बैंक
### सुर्खेत कार्यालय
२०८० जेठ

# भूमिका

**नेपाल राष्ट्र बैंक ऐन, २०५८** को **दफा १२** अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको बिस्तार, शोधनान्तर तथा विदेशी विनिमय सञ्चितिजस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमितरुपले प्रकाशन र प्रसारण गर्ने गर्दछ। साथै, नेपाल राष्ट्र बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरुपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ।

आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था,यसको आधार एवम् गुणस्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ। आर्थिक गतिविधिको विश्लेषण, अनुमान तथा प्रक्षेपण गर्ने मूल आधार समयमै प्राप्त हुने विश्वसनीय सूचना तथा तथ्याङ्क भएकोले यस्तो सूचना तथा तथ्याङ्कको माध्यमद्वारा अर्थतन्त्रको विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावहरुमार्फत नेपाल राष्ट्र बैंकले नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउँदछ।

संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरुपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा बिस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संसोधन २०७९ सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालय मार्फत कर्णाली प्रदेशको आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक (२०७९ साउन १ देखि २०७९ पुस मसान्तसम्म) आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

यस प्रदेशका १० जिल्लाहरुबाट स्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक जिल्लागत तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार पारिएको छ।

यस प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु। साथै, आगामी दिनहरुमा पनि सम्बन्धित सरोकारवाला निकायको साथ र सहयोगको निरन्तरताको अपेक्षा गर्दछु। बैंक तथा वित्तिय क्षेत्रको तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने आर्थिक अनुसन्धान विभागलाई धन्यवाद ज्ञापन गर्दछु। यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशक श्री पूर्ण बहादुर मौराती नेपाली र कृष्ण कुमार पाललाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्ने कार्यमा संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक श्री सुगम थापा, श्री पंख प्रसाद आचार्य र श्री सरिता अधिकारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग गर्नुहुने अन्य इकाई तथा फाँटका कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु।

**बाबुराम कोइराला**
**उप-निर्देशक**
**नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालय**

## विषय सूची


| | पेज नं. |
|---|---|
| **परिच्छेद १ परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ अध्ययनको उद्देश्य | १ |
| १.३ अध्ययन विधि, संरचना र तथ्याङ्क संकलन | २ |
| १.४ अध्ययन प्रतिवेदनको सीमा | २ |
| १.५ अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद २ प्रदेशको तुलनात्मक स्थिति** | **४** |
| २.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| २.२ अन्तरप्रदेश तथा जिल्लागत तुलना | ४ |
| २.३ प्रदेशगत जनसंख्या वितरण | ७ |
| २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ८ |
| **परिच्छेद ३ कृषि क्षेत्र** | **१०** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| ३.२ कृषि उत्पादन | १२ |
| ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | १६ |
| ३.४ वनजन्य उत्पादन | १६ |
| ३.५ सिंचाई | १६ |
| ३.६ क्षेत्रगत कृषि कर्जा | १७ |
| ३.७ कृषि क्षेत्रको चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ४ उद्योग क्षेत्र** | **२०** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | २० |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | २१ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २२ |
| **परिच्छेद ५ सेवा क्षेत्र** | **२४** |
| ५.१ पर्यटन | २४ |
| ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २४ |
| ५.३ वित्तीय सेवा | २५ |
| ५.४ यातायात तथा संचार | ३० |

५.५ शिक्षा तथा स्वास्थ्य ३१
५.६ सेवा क्षेत्र कर्जा ३२
५.७ सहकारी क्षेत्र ३३
परिच्छेद ६ पूर्वाधार र रोजगारी **३५**
६.१ पूर्वाधार क्षेत्र ३५
६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ३६
६.३ रोजगारी ३७
६.४ रोजगारीको चुनौती र सम्भावना ३८
परिच्छेद ७ संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना **३९**
७.१ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना ३९
७.२ प्रादेशिक सरकारी वित्त ४०
परिच्छेद ८ आर्थिक परिदृष्य **४१**
८.१ कृषि उत्पादन ४१
८.२ औद्योगिक उत्पादन ४१
८.३ सेवा क्षेत्र ४२
८.४ पूर्वाधार क्षेत्र ४२

## तालिका सूची

**पेज नं.**


| | |
|---|---|
| तालिका २.१ : कुल गार्हस्थ्य उतपादनमा प्रदेशगत हिस्सा तथा क्षेत्रगत योगदान | ४ |
| तालिका २.२ : आर्थिक परिसुचकहरु | ५ |
| तालिका २.३ : आर्थिक परिसुचकहरु | ६ |
| तालिका ३.१ : कृषि उपजले ढाकेको भु-क्षेत्र | १२ |
| तालिका ३.२ : प्रमुख कृषि बालीको उत्पादन | १५ |
| तालिका ३.३ : कर्णाली प्रदेशमा सिंचाईको अवस्था | १६ |
| तालिका ३.४ : जिल्लागत कृषि कर्जा | १७ |
| तालिका ४.१ : जिल्लागत औद्योगिक कर्जा | २२ |
| तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २५ |
| तालिका ५.२ : सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था | ३१ |
| तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | ३७ |
| तालिका ७.१ : आ.व. २०७९/८० को चैत्र मसान्त सम्मको वित्तीय तथा भौतिक प्रगती | ३९ |
| तालिका ७.२ : कर्णाली प्रादेश सरकारको सरकारी वित्त स्थिती | ४० |


## बक्स सूची


| | |
|---|---|
| बक्स १ : कर्णाली प्रदेशमा वाणिज्य बैंकका शाखा बिस्तार | २९ |

## रेखाचित्र सूची

**पेज नं.**


| | |
|---|---|
| रेखाचित्र ३.१ : प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र | १० |
| रेखाचित्र ३.२ : प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र | ११ |
| रेखाचित्र ३.३ : खाद्य तथा अन्य बालीको उत्पादन | १३ |
| रेखाचित्र ३.४ : फलफुल उत्पादन | १४ |
| रेखाचित्र ३.५ : प्रमुख कृषि बालीको उत्पादन | १५ |
| रेखाचित्र ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था | २० |
| रेखाचित्र ४.२ : औद्योगिक उत्पादन | २० |
| रेखाचित्र ४.३ : क्षेत्रगत औद्योगिक कर्जा | २१ |
| रेखाचित्र ५.१ : घरजग्गा कारोवारको अवस्था | २५ |
| रेखाचित्र ५.२ : एटिएम बुथ संख्या | २६ |
| रेखाचित्र ५.३ : कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति | २७ |
| रेखाचित्र ५.४ : कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात | २७ |
| रेखाचित्र ५.५ : निक्षेप तथा कर्जाको जिल्लागत स्थिति | २८ |
| रेखाचित्र ५.६ : समीक्षा अवधिमा कुल निक्षेपको संरचना | २८ |
| रेखाचित्र ५.७ : सहुलियतपूर्ण कर्जा र विपन्नवर्ग कर्जाको विवरण | २९ |
| रेखाचित्र ५.८ : कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था | ३० |
| रेखाचित्र ५.९ : यातायातका साधनको संख्या | ३० |
| रेखाचित्र ५.१० : सरकारी/सामुदायिक अस्पतालको संख्या | ३१ |
| रेखाचित्र ५.११ : कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा | ३२ |
| रेखाचित्र ५.१२ : क्षेत्रगत सेवा कर्जा | ३३ |
| रेखाचित्र ५.१३ : बचत तथा ऋण सहकारी संस्थाको अवस्था | ३३ |
| रेखाचित्र ७.१ : कर्णाली प्रदेशको चालू तथा पुँजीगत खर्च विवरण | ४० |

# कार्यकारी सारांश

कर्णाली प्रदेशका १० जिल्लाहरुमा गरिएको स्थलगत अध्ययनबाट तयार पारिएको यस प्रदेशको आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ।

**समष्टिगत आर्थिक स्थिति**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा नेपालको आर्थिक वृद्धिदर ५.६१ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा १.८६ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। यस प्रदेशको आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ५.३२ प्रतिशत थियो भने आर्थिक वर्ष २०७९/८० मा संकुचन आई १.९१ प्रतिशत कायम रहने अनुमान छ।

२. आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ४.१ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा समेत ४.१ प्रतिशतकै योगदान हुने अनुमान रहेको छ। पछिल्लो समय यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटनमा सुधार आई सेवा क्षेत्रको बिस्तार र कृषि तथा उद्योग क्षेत्रमा सुधार आएकोले कर्णाली प्रदेशको समग्र आर्थिक स्थितिमा सुधार हुने अनुमान रहेको छ।

३. आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादन रु.४९ खर्ब ३३ अर्ब ६९ करोडमध्ये कर्णाली प्रदेशले ४.१ प्रतिशत हिस्सा ओगटेको थियो भने आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ उत्पादन रु.५३ खर्ब ८१ अर्ब ३३ करोड हुने अनुमान गरिएकोमा सबैभन्दा कम ४.१ प्रतिशतको योगदान कर्णाली प्रदेशको उपभोक्ताको मूल्यमा करिब रु.२ खर्ब २१ अर्ब हुने अनुमान रहेको छ।

**कृषि क्षेत्र**

४. आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तको तुलनामा आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.३८ प्रतिशतले बढेको छ।

५. प्रमुख बालीहरु मध्ये समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल १.१८ प्रतिशतले घटेको छ। त्यस्तै, मकै, गहुँ र जौ बालीले ढाकेको क्षेत्रफल समीक्षा अवधिमा क्रमशः ५.५८ प्रतिशत, ०.५२ प्रतिशत र १.८० प्रतिशतले बढेको छ। कोदो बालीले ढाकेको क्षेत्रफल १७.५७ प्रतिशतले वृद्धि हुँदा फापर बालीले ढाकेको क्षेत्रफलमा ४६.५८ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै, दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः ११.५७ प्रतिशत, र १.६० प्रतिशतले घटेको छ भने भटमास बालीले ढाकेको क्षेत्रफल २.३५ प्रतिशतले वृद्धि भएको छ।

६. समीक्षा अवधिमा कर्णाली प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफलमा ५.५४ प्रतिशतको गिरावट आएको छ भने वागवानी बालीले ढाकेको क्षेत्रफल १.०७ प्रतिशतले वृद्धि भएको छ।

७. समीक्षा अवधिमा गहुँ, कोदो, जौ, फापर, बागवानी, स्याउ आदिको उत्पादनमा वृद्धि भएको कारण यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन १.९८ प्रतिशतले वृद्धि भएको छ।

८. खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषि बालीमा धान, मकै, गहुँ, कोदो, जौ तथा फापरको उत्पादन क्रमशः २.०५ प्रतिशत, ९.२१ प्रतिशत, १३.९३ प्रतिशत, ४५.९४ प्रतिशत, ४५.४९ प्रतिशत र १९.७७ प्रतिशतले बढेको छ। समयमै बीउविजनको वितरण, कृषि परियोजनाहरुको कार्यान्वयन हुनुले कृषकहरु कृषि व्यवसायमा आकर्षित भएको हुँदा समग्र कृषि उत्पादन बढेको अनुमान गर्न सकिन्छ।

९. यस प्रदेशमा समीक्षा अवधिमा दुध उत्पादन २६.८६ प्रतिशतले बढेको छ । त्यस्तै, माछा, मासु र अण्डा उत्पादन क्रमशः ९.५९ प्रतिशत, १७.३२ प्रतिशत र १०.०६ प्रतिशतले बढेको छ ।

१०. समीक्षा अवधिमा यस प्रदेशमा रहेको कुल खेतीयोग्य जमिन १,७३,८४१ हेक्टरमध्ये १,०४,७८९ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । जसमध्ये ५३,९८८ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ ।

११. २०७९ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्ष सोही अवधिको तुलनामा २४.२२ प्रतिशतले बढेर रु.५ अर्ब ४८ करोड ५६ लाख पुगेको छ । कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण, बजारको बिस्तार, पूर्वाधारको पहुँच, सिञ्चित कृषि भूमिमा भएको बिस्तार तथा वित्तिय पहुँच अभिवृद्धि जस्ता कारणहरुले गर्दा स्थानीयको कृषिमा संलग्नता बढेसँगै कृषि कर्जाको माग तथा सदुपयोगिता बढेको देखिन्छ ।

## उद्योग क्षेत्र

१२. आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार कर्णाली प्रदेशमा जम्मा ३,५२६ वटा कम्पनी दर्ता भएका छन् । त्यस्तै, कर्णाली प्रदेशमा संचालनमा आएका लघु, घरेलु तथा साना उद्योगहरुको संख्या २९,२४८ पुगेको छ ।

१३. समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ८.८९ प्रतिशत रहेको छ । गत अवधिको तुलनामा समीक्षा अवधिमा औद्योगिक कर्जा ४४.०४ प्रतिशतले बढेर रु.५ अर्ब २८ करोड ७८ लाख पुगेको छ । यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक न्यूनतम पूर्वाधार नहुनु, आवश्यक दक्ष जनशक्तिको अभाव, उद्योगमैत्री पूर्वाधारको विकास कम हुनु तथा विपद व्यवस्थापनका चुनौतीहरु जस्ता प्रमुख अवरोधहरुले उल्लेखनीय रुपमा औद्योगिक क्षेत्रको विकास र बिस्तार हुन सकेको छैन ।

१४. समीक्षा अवधिमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै रु.३ अर्ब ११ करोड २३ लाख औद्योगिक कर्जा उपभोग गरेको छ भने सबैभन्दा कम रु.१ करोड ६८ लाख डोल्पा जिल्लाले उपभोग गरेको छ ।

## सेवा क्षेत्र

१५. समीक्षा अवधिमा भारत र तेस्रो मुलुकबाट यस प्रदेशमा भित्रिने पर्यटकको संख्या क्रमशः ८०.९७ प्रतिशत र ४३.७२ प्रतिशतले वृद्धि भएको छ । विगत केही वर्ष यता कोभिड-१९ लगायत अन्य कारणले कर्णाली प्रदेशमा तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या शून्यप्रायः रहेकोमा हालको वर्षमा तेस्रो देशबाट पनि पर्यटक आउन थालेको कारण सो संख्याको अधिक वृद्धि भएको अनुमान गरिएको छ ।

१६. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या २,५५५ पुगेको छ, जुन गत अवधिको तुलनामा ५९ प्रतिशतले कम हो । त्यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व रु.१० करोड ७७ लाख पुगेको छ ।

१७. समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या १०.०६ प्रतिशतले गिरावट भई १,२६९ कायम भएको छ ।

१८. समीक्षा अवधिमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या र ती अस्पतालहरुमा रहेका शैयाहरुको संख्या क्रमशः ८.७० प्रतिशत र १.३२ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, समीक्षा अवधिमा यस प्रदेशमा जम्मा २५ वटा सरकारी/सामुदायिक अस्पताल र ९२१ वटा शैयाहरु रहेका छन् ।

१९. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८१.८९ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ ।

२०. २०७९ पुस मसान्तमा कर्णाली प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४५९ पुगेको छ ।

२१. समीक्षा अवधिमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा ६.७२ प्रतिशतले बढेर रु.५९ अर्ब ५० करोड १४ लाख पुगेको छ भने निक्षेप २६.९४ प्रतिशतले वृद्धि भई रु.६२ अर्ब ५९ करोड २५ लाख पुगेको छ ।

## पूर्वाधार क्षेत्र

२२. नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन अनुसार यस प्रदेशमा विद्युत प्रसारण लाईन ७,९१३ कि.मि. पुगेकोमा समिक्षा अवधिमा ३३४ कि.मि. थप भई ८,२४७ कि.मि. पुगेको छ । साथै, यस प्रदेशमा ११ मेगावाट विद्युत उत्पादन भएकोमा समिक्षा अवधिमा २.०२ मेगावाट थप भई १३.०२ मेगावाट विद्युत उत्पादन भएको छ ।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको बिस्तार, शोधनान्तर तथा विदेशी विनिमय सञ्चिति लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ । यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुप जान्न चाहने सरोकारवाला पक्षलाई नियमितरुपमा जानकारी गराउने उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक अवधि (२०७९ साउन १ गते देखि २०७९ पुस मसान्तसम्म) को तथ्याङ्कमा आधारित रहेको छ ।

यस बैंकको आर्थिक अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवं अन्य अनुसन्धानमुलक कार्यमा एकरुपता ल्याई गुणस्तरसमेत अभिवृद्धि गर्ने उद्देश्यले २०६७ चैत्र १५ गते स्वीकृत भएको "नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप आर्थिक गतिविधि अध्ययन र बिशेष अध्ययन मार्गदर्शन, २०७०" बमोजिम ५७ जिल्लाबाट प्राप्त तथ्याङ्क समाबेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरीएकोमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ ।

संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा बिस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संशोधन २०७९)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालय मार्फत कर्णाली प्रदेशका सम्पूर्ण १० वटा जिल्लाहरु (सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, कालिकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा र रुकुम पश्चिम) लाई समावेश गरी आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

समिक्षा अवधिमा प्रदेशमा भएका आर्थिक गतिविधिहरुको अध्ययन तथा विश्लेषण गरी नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा बिस्तार गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । साथै, यस अध्ययनका अन्य उद्देश्यहरु देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पुर्वाधारमा समीक्षा अवधिमा भएको परिवर्तनलाई समावेश गर्नु ।
- अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा देखिएका सम्भावाना तथा चुनौतीहरुलाई उजागर गर्नु ।
- संघ, प्रदेश तथा स्थानीय सरकारले सञ्चालन गरेका मुख्य कार्यक्रम तथा परियोजनाहरुको प्रगतिको समीक्षा समावेश गर्नु ।
- आर्थिक गतिविधिका क्षेत्रहरुलाई योगदान पुऱ्याउने कुनै फर्म, कम्पनीको अवस्था तथा योगदानलाई समेट्नु ।
- समिक्षा अवधिमा भएका आर्थिक गतिविधिहरुको आधारमा आगामी अवधिको लागि प्रक्षेपण गर्नु ।

## १.३ अध्ययन विधि, संरचना र तथ्याङ्क संकलन

कर्णाली प्रदेशका १० वटै जिल्लाहरुबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी तयार पारिएको यो प्रतिवेदनमा उक्त क्षेत्रहरुको प्रगति विवरण, वर्तमान सम्भावना तथा चुनौती एवम् भावी योजनाबद्ध कार्यका लागि मार्गदर्शन समेत समाविष्ट छ ।

यस प्रदेशका जिल्लाहरुमा रहेका विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना तथा उद्योग प्रतिष्ठानबाट संकलित तथ्याङ्कका आधारमा तयार पारिएको यो प्रतिवेदनले जिल्लागत तथा प्रदेशको समग्र अवस्थालाई चित्रण गरेको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषयविज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा तथा प्रदेशगत तुलनात्मक स्थितिको विश्लेषणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कलाई आधार मानिएको छ । त्यस्तै, समग्र कृषि क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशका १० वटै जिल्ला स्थित कृषि विकास कार्यालयहरु, कृषि ज्ञानकेन्द्रहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लगायतका निकायहरुबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको अवस्था, यस क्षेत्रले सिर्जना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि उद्योग वाणिज्य संघ, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय लगायतका निकायहरुबाट तथ्याङ्क लिईएको छ । त्यस्तै, बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, वाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा, संकलित निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट लिइएको छ । रियलस्टेट तर्फ, घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजस्व रकम आदिको विवरण पनि यस बैंकको आर्थिक अनुसन्धान विभागबाट लिईएको छ । घरजग्गा नक्सापास सम्बन्धी तथ्याङ्क जिल्लास्थित नगरपालिकाहरुबाट लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधिका लागि यस प्रदेशमा रहेका १० प्रमुख पर्यटकस्तरीय होटलहरुबाट र सबै जिल्ला अन्तर्गतका होटल एशोसीयसनबाट तथ्याङ्कबाट लिईएको छ । त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा रहेका १० ठूला सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ । त्यस्तै, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत प्राधिकरण, सडक डिभिजन कार्यलयहरुबाट लिइएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको सीमा

- देशले संघीय शासन व्यवस्थाको अंगिकार गरे पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ । संघीयतासँगै, सम्बन्धित निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्कहरुलाई संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि, शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय तथ्याङ्क प्रदायक निकायहरुले अर्ध-वार्षिक रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भई आएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो अवधिका केही तथ्याङ्कमा एकरुपता हुन सकेको छैन ।

- सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कमा कतिपय जिल्लाहरुमा होटल व्यवसायी संघ गठन नभएको र गठन भएको जिल्लाहरुको हकमा पनि होटलमा आएका पर्यटकहरुको अभिलेख राख्ने अभ्यास नभएको हुँदा कर्णाली प्रदेशस्थित १० नमुना होटलहरुबाट मात्र तथ्याङ्क लिई विश्लेषण गरिएको छ ।

- कृषि क्षेत्रको तथ्याङ्क संकलन तथा विश्लेषण गर्दा अर्ध-वार्षिक तथा वार्षिक ढाँचामा तथ्याङ्क संकलन गरिने र केहि कृषिजन्य उत्पादनहरु मौसमी खालको हुने भएकोले तथ्याङ्क संकलनको समयमा सोको तथ्याङ्क उपलब्ध हुन नसक्ने देखिन्छ ।

### १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्र र परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। यसैगरी परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

*यस प्रतिवेदनमा 'समीक्षा अवधि भन्नाले आर्थिक वर्ष २०७९/८० को साउन १ गते देखि पुस मसान्तसम्मको अवधिलाई तथा 'गत अवधि भन्नाले आर्थिक वर्ष २०७८/७९ को साउन १ गते देखि पुस मसान्तसम्मको अवधिलाई बुझाउँदछ।*

# परिच्छेद २
# प्रदेशको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

नेपाल सरकार, आर्थिक सर्वेक्षण २०७९/८० अनुसार कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको हिस्सा ४.१ प्रतिशत रहेको देखिन्छ (तालिका २.१) । आर्थिक वर्ष २०७८/७९ मा यस्तो हिस्सा ४.१ प्रतिशत रहेको थियो । कर्णाली प्रदेशमा प्राकृतिक स्रोत र साधनको उपलब्धता तथा प्रचुर सम्भावना हुँदाहुँदै पनि उत्पादन तथा राष्ट्रिय अर्थतन्त्रमा रहेको योगदानलाई दृष्टिगत गर्दा यो प्रदेश अन्य प्रदेशको तुलनामा सबैभन्दा पछाडि रहेको छ ।

**तालिका २.१ : कुल गार्हस्थ्य उतपादनमा प्रदेशगत हिस्सा तथा क्षेत्रगत योगदान**
**(प्रतिशतमा)**

| क्षेत्रगत परिसूचकहरु | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा हिस्सा* | १५.८ | १३.१ | ३६.८ | ९.० | १४.२ | ४.१ | ७.० |
| **प्रदेशगत कुल गार्हस्थ उत्पादनको संरचना** | | | | | | | |
| कृषि क्षेत्रको योगदान** | ३३.२ | ३५=२ | ११.२ | २५.९ | २९.९ | ३०.८ | २४.१ |
| उद्योग क्षेत्रको योगदान** | १६.८ | ११.४ | ११.४ | १८.१ | १४.७ | १३.५ | १३.५ |
| सेवा क्षेत्रको योगदान** | ५०.० | ५३.४ | ७७.४ | ५६.० | ५५.५ | ५८.९ | ६२.४ |

*स्रोत: *राष्ट्रिय तथ्याङ्क कार्यालय, **आर्थिक सर्वेक्षण २०७९/८०*

आर्थिक सर्वेक्षण २०७९/८० अनुसार आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: ३०.८ प्रतिशत, १३.५ प्रतिशत र ५८.९ प्रतिशत रहने अनुमान छ । अन्य क्षेत्रहरुको तुलनामा सेवा क्षेत्रको योगदान केही उच्च रहेको देखिन्छ । तथापि, सेवा क्षेत्रका विकासका संवाहकहरुको विस्तार एवम् समुचित उपयोग गर्दै राष्ट्रिय उत्पादनमा यस प्रदेशको योगदान अझै बढाउनुपर्ने देखिन्छ ।

## २.२ अन्तरप्रदेश तथा जिल्लागत तुलना

कर्णाली प्रदेशको आर्थिक परिसूचकहरु अन्य प्रदेशको तुलनामा निकै पछाडि रहेको देखिन्छ । जस्तै, कृषि उपज अन्तर्गत पर्ने खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र सबैभन्दा धेरै कोशी प्रदेशमा २१.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ६.३ प्रतिशत रहेको छ (तालिका २.२) । त्यसैगरी, खाद्य तथा अन्य बालीको उत्पादन सबैभन्दा धेरै मधेस प्रदेशमा २७.० प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ४.७ प्रतिशत रहेको छ ।

कोशी प्रदेशले कुल नेपालको सिञ्चित क्षेत्रफलमध्ये सबैभन्दा धेरै २४.७ प्रतिशत ओगटेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशले ४.४ प्रतिशत ओगटेको छ ।

अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशमा सबैभन्दा कम कृषि तथा पशुपन्छिजन्य उत्पादन भएको देखिन्छ । सबैभन्दा बढी दुध उत्पादन बागमती प्रदेशमा २३.९ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा २.३ प्रतिशत रहेको छ (तालिका २.२) ।

माछा र मासु उत्पादनमा मधसश प्रदेशको हिस्सा सबैभन्दा बढी क्रमश: ४९.७ प्रतिशत र २३.२ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशमा क्रमश: ०.१ प्रतिशत र ४.० प्रतिशत रहेको छ ।

## तालिका २.२ : आर्थिक परिसुचकहरु
(प्रदेशगत)

| परिसूचकहरु | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| **कृषि तथा पशुपन्छिजन्य भु-क्षेत्र तथा उत्पादन (प्रतिशत)** | | | | | | | |
| **कृषि उपजले ढाकेको भू-क्षेत्र (प्रतिशत)** | | | | | | | |
| खाद्य तथा अन्य बाली | २१.१ | १९.५ | १३.२ | १०.४ | १८.५ | ६.३ | ११.० |
| तरकारी तथा बागवानी | १२.१ | ५२.७ | ११.८ | ५.२ | ८.८ | ४.५ | ५.० |
| फलफूल | १५.७ | ३४.५ | ११.६ | ९.३ | ११.१ | १२.१ | ५.७ |
| मसला | ३९.४ | १०.५ | १०.० | ७.१ | १३.५ | ८.१ | ११.३ |
| **कृषि बालीको उत्पादन (प्रतिशत)** | | | | | | | |
| खाद्य तथा अन्य बाली | २१.४ | २७.० | १२.६ | ८.२ | १६.८ | ४.७ | ९.२ |
| तरकारी तथा बागवानी | १९.८ | २८.२ | १८.५ | ७.६ | १४.५ | ४.५ | ६.९ |
| फलफूल | १७.८ | ३२.५ | १५.३ | ७.४ | १२.१ | ८.६ | ६.३ |
| मसला | २७.५ | १२.६ | ११.५ | ९.५ | १४.१ | ११.७ | १३.१ |
| **दूध उत्पादन** | १९.७ | १८.८ | २३.९ | १०.८ | १६.८ | २.३ | ७.६ |
| **माछा उत्पादन** | १२.३ | ४९.७ | ७.३ | १.८ | १७.० | ०.१ | ११.८ |
| **मासु उत्पादन** | १४.८ | २३.२ | २२.१ | ११.३ | १७.१ | ४.० | ७.५ |
| **अण्डा उत्पादन** | १५.५ | ७.४ | ३३.७ | २१.५ | १२.१ | ४.६ | ५.२ |
| **सिञ्चित क्षेत्रफल (प्रतिशत)** | २४.७ | १९.१ | १०.० | १४.१ | १८.९ | ४.४ | ८.८ |
| | | | | | | | |

*स्रोत: एकीकृत वार्षिक आर्थिक गतिविधि अध्ययन २०७८/७९, आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक*

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **उद्योग क्षेत्र** | | | | | | | |
| उद्योगको संख्या | ८५१ | ६११ | ५७३९ | ८३० | ६९६ | ८१ | १३९ |
| **पूर्वाधार क्षेत्र** | | | | | | | |
| जलविद्युत उत्पादन (मे.वा.) | ४७४ | २५ | ११४९ | ७३३ | ३६ | १६ | १०८ |
| स्थानीय सडक सञ्जाल (कि.मी.) | १३४९८ | ६०६० | १६४८० | ११७२८ | ९२४९ | ३४३८ | ५६०४ |

*स्रोत: आर्थिक सर्वेक्षण २०७९/८०*

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वित्तीय क्षेत्र** | | | | | | | |
| **बैंक तथा वित्तीय संस्थाका शाखाहरु** | १८६६ | १७६१ | ३०२५ | १४१६ | २२१९ | ४५९ | ८४२ |
| **सहुलियतपूर्ण कर्जा (प्रतिशत)** | १६.८२ | ११.१४ | ३५.६८ | १३.८७ | १५.५७ | १.६४ | ५.२७ |
| **विपन्न वर्ग कर्जा (प्रतिशत)** | १४.१७ | ८.९९ | ४७.८७ | ११.२८ | १२.५८ | १.५४ | ३.५५ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

कर्णाली प्रदेशमा अन्य प्रदेशको तुलनामा निकै कम उद्योगहरु दर्ता भएको देखिन्छ। आर्थिक सर्वेक्षण २०७९/८० अनुसार यस प्रदेशमा ८१ वटा उद्योगहरु रहेका छन्।

कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सबैभन्दा बढी ५८.९ प्रतिशत भएता पनि यस क्षेत्रको विकासका संवाहकहरु, जस्तै यातायात, उद्योगधन्दा तथा घरजग्गा रजिष्ट्रेशनको संख्या यस प्रदेशमा सबैभन्दा कम रहेको छ।

वित्तीय क्षेत्रका परिसूचकका आधारमा कर्णाली प्रदेश अन्य प्रदेशभन्दा निकै पछाडि देखिन्छ । समीक्षा अवधिमा देशभर ११,५८८ बैंक तथा वित्तीय संस्थाहरुका शाखा रहेका छन् । सबैभन्दा बढी बागमती प्रदेशमा ३,०२५ तथा सबैभन्दा कम कर्णाली प्रदेशमा ४५९ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु रहेका छन् । त्यसैगरी यस प्रदेशमा तुलनात्मक रुपमा अन्य प्रदेशभन्दा कम कर्जा उपयोग भएको देखिन्छ । कर्णाली प्रदेशले देशभर प्रवाह भएको सहुलियतपूर्ण कर्जा र विपन्न वर्ग कर्जाको क्रमशः १.६४ प्रतिशत र १.५४ प्रतिशत उपयोग गरेको छ ।

**तालिका २.३ : आर्थिक परिसुचकहरु**
**(जिल्लागत)**

| परिसूचकहरु | सुर्खेत | दैलेख | सल्यान | जाजरकोट | रुकुम पश्चिम | कालीकोट | जुम्ला | हुम्ला | डोल्पा | मुगु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कृषि तथा पशुपन्छिजन्य भु-क्षेत्र तथा उत्पादन (प्रतिशत)** | | | | | | | | | | |
| **कृषि उपजले ढाकेको भू-क्षेत्र (प्रतिशत)** | | | | | | | | | | |
| खाद्य तथा अन्य बाली | १९.० | १७.७ | १९.० | ११.७ | ८.९ | ७.० | ७.६ | २.३ | २.६ | ३.९ |
| तरकारी तथा बागवानी | ३२.४ | १३.८ | ११.० | ५.२४ | ७.७३ | ५.५२ | ४.१ | १६ | १.२ | ३.० |
| फलफूल तथा मसला | १०.२ | १०.२ | १४.० | २.४७ | ३.०८ | ५.०४ | ३६ | ९.२ | १.३ | ८.७ |
| **कृषि बालीको उत्पादन (प्रतिशत)** | | | | | | | | | | |
| खाद्य तथा अन्य बाली | २२.६ | १९.० | २०.० | ११.६१ | ९.०८ | ४.७४ | ७.६ | १.९ | १.६ | २.२ |
| तरकारी तथा बागवानी | ४०.७ | १६.० | ११.० | ४.२५ | १२.५ | ०.७१ | ५.२ | ५.३ | ०.० | ३.९ |
| फलफूल तथा मसला | ३५.४ | ९.३८ | २२ | २.२८ | ५.४१ | ७.३२ | ६.९ | २.७ | २.३ | ६.२ |
| | | | | | | | | | | |
| **दूध उत्पादन** | ३४.४ | १७.७ | २२.० | ०.१६ | १४.७७ | ४.८६ | १.४ | ०.२ | ०.२ | ४.४ |
| **मासु उत्पादन** | २३.७ | २९.३ | १७.० | १७.५२ | ३.२१ | ४.४९ | १.५ | ०.७ | २.२ | ०.९ |
| **अण्डा उत्पादन** | ६.९१ | ०.३१ | ४.२ | ५३.७९ | २.२५ | ०.१४ | २८ | २.७ | १.३ | ०.३ |
| **सिञ्चित क्षेत्रफल (प्रतिशत)** | ३६.९ | २१.० | ०.२ | ९.४५ | १२.९६ | ३.२६ | ९.२ | २.१ | ५.० | ०.० |

*स्रोतः प्रदेशस्थित सम्बन्धित निर्देशनालय तथा कार्यालयहरु*

समीक्षा अवधिमा कणाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल सुर्खेत तथा सल्यान जिल्लामा सबैभन्दा धेरै समान १९.० प्रतिशत रहेको छ भने सबैभन्दा कम हुम्ला जिल्लामा २.३ प्रतिशत रहेको छ । त्यस्तै, खाद्य तथा अन्य बालीको उत्पादन सबैभन्दा धेरै सुर्खेत जिल्लामा २२.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम डोल्पा जिल्लामा १.६ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल सबैभन्दा बढी सुर्खेत जिल्लामा ३२.४ प्रतिशत रहेकोमा सबैभन्दा कम डोल्पा जिल्लामा १.२ प्रतिशत रहेको छ । त्यसैगरी, तरकारी तथा बागवानीको उत्पादन सबैभन्दा बढी सुर्खेत जिल्लामा ४०.७ प्रतिशत रहेकोमा सबैभन्दा कम डोल्पा जिल्लामा नगन्य मात्रामा रहेको छ । साथै, समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल सबैभन्दा बढी सल्यान जिल्लामा १४.० प्रतिशत रहेको छ भने सबैभन्दा कम डोल्पा जिल्लामा १.३ प्रतिशत रहेको छ । त्यस्तै, फलफूल तथा मसला बालीको उत्पादन सबैभन्दा धेरै सुर्खेतमा ३५.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम जाजरकोट जिल्लामा २.२८ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा दुध उत्पादन सबैभन्दा बढी सुर्खेत जिल्लामा ३४.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम जाजरकोट जिल्लामा ०.१६ प्रतिशत रहेको छ। त्यस्तै, मासु उत्पादन सबैभन्दा बढी दैलेख जिल्लामा २९.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम हुम्ला जिल्लामा ०.७ प्रतिशत रहेको छ। त्यसैगरी, अण्डा उत्पादन सबैभन्दा बढी जाजरकोट जिल्लामा ५३.७९ प्रतिशत रहेकोमा सबैभन्दा कम कालिकोट जिल्लामा ०.१४ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा कुल कृषियोग्य जमिनमा सिञ्चित क्षेत्रफल सबैभन्दा बढी सुर्खेत जिल्लामा ३६.९ प्रतिशत रहेको छ भने सबैभन्दा कम मुगु जिल्लामा नगन्य मात्रामा रहेको छ।


## २.३ प्रदेशगत जनसंख्या वितरण

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ रहेको छ। जसमा महिलाको संख्या १,४९,११,०२७ (५१.१३ प्रतिशत) र पुरुषको संख्या १,४२,५३,५५१ (४८.७८ प्रतिशत) रहेको छ।

### क) प्रदेशगत जनसंख्याको हिस्सा

प्रदेशगत रुपमा जनसंख्याको वितरण हेर्दा कुल जनसंख्यामा मधेसश प्रदेश र बागमती प्रदेशको हिस्सा समान २०.९९ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम अर्थात करिब ५.७९ प्रतिशत मात्र रहेको छ। लुम्बिनी प्रदेशको हिस्सा १७.५६ प्रतिशत, कोशी प्रदेशको हिस्सा १७.०१ प्रतिशत, सुदूरपश्चिम प्रदेशको हिस्सा ९.२४ प्रतिशत र गण्डकी प्रदेशको हिस्सा ८.४६ प्रतिशत रहेको छ।

**रेखाचित्र २.१ : प्रदेशगत जनसंख्या वितरण (प्रतिशत)**




*स्रोत: राष्ट्रिय जनगणना २०७८*


### ख) प्रदेशगत जनसंख्या परिवर्तन

राष्ट्रिय जनगणना २०६८ को तुलनामा राष्ट्रिय जनगणना २०७८ मा नेपालको जनसंख्या १०.०८ प्रतिशतले वृद्धि भई २६,७०,०७४ जना व्यक्ति थप भएका छन्। यसबाट नेपालको जनसंख्याको वार्षिक वृद्धिदर ०.९२ प्रतिशत रहेको देखिन्छ।

प्रदेशगत रुपमा हेर्दा विगत १० वर्षमा सबैभन्दा बढी लुम्बिनी प्रदेशको जनसंख्या बढेको छ। वि.सं. २०६८ मा ४४,९९,२७२ रहेको लुम्बिनी प्रदेशको जनसंख्या २०७८ मा १३.८४ प्रतिशतले बढेर ५१,२२,०७८ पुगेको छ। त्यस्तै सबैभन्दा कम गण्डकी प्रदेशको जनसंख्या २.६१ प्रतिशतले बढेको छ। कर्णाली प्रदेशको जनसंख्या १० वर्षमा ७.५१ प्रतिशतले बढेर हाल १६,८८,४१२ पुगेको छ।

त्यसैगरी बागमती प्रदेशको जनसंख्या २०६८ को तुलनामा १०.६२ प्रतिशतले बढेको छ । कोशी प्रदेश, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशको जनसंख्या विगत १० वर्षको अवधिमा क्रमशः ९.४ प्रतिशत, १३.१५ प्रतिशत र ५.५७ प्रतिशतले बढेको छ ।

**रेखाचित्र २.२ : जनसंख्या वृद्धिदर**
**(प्रतिशत)**




*स्रोतः राष्ट्रिय जनगणना २०७८*

प्रदेशगत वार्षिक जनसंख्या वृद्धिदरलाई विश्लेषण गर्दा लुम्बिनी प्रदेशको जनसंख्या वृद्धिदर सबैभन्दा बढी अर्थात १.२४ प्रतिशत रहेको छ । मधेस प्रदेश र बागमती प्रदेशको वृद्धिदर क्रमशः १.१९ प्रतिशत र ०.९७ प्रतिशत रहेको छ। त्यस्तै सबैभन्दा कम जनसंख्या वृद्धिदर गण्डकी प्रदेशको ०.२५ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको जनसंख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ ।

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### क) प्रादेशिक क्षमता र सम्भावना

- रारा, शे-फोक्सुण्डो, कुभिण्डे, स्यार्पु, बुलबुले जस्ता सुन्दर तालहरु, काँक्रेविहार, देउती वज्यै, पञ्चदेवल, पञ्चकोशी ज्वाला क्षेत्र जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका क्षेत्रहरुलाई सुरक्षित तथा आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनको उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशमा रहेका ठूला-ठूला नदीनाला तथा खोलाहरुबाट आधुनिक प्रविधियुक्त सिँचाई बिस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्नसक्ने सम्भावना रहेको छ ।
- प्रदेशभित्र साना तथा मझौला उद्योगहरुको विकास र बिस्तार गरी यस क्षेत्रको समग्र आर्थिक विकास गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा प्राङ्गारिक कृषि क्षेत्रको हिस्सा ठूलो रहेको हुँदा अर्गानिक कृषिको उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशमा हिमाल, पहाड र भित्री मधेस लगायतका क्षेत्रहरु रहेकाले कृषि तथा पशुपालनमा प्रोत्साहनमुलक कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- कर्णाली प्रदेशमा देशकै महत्वपूर्ण कर्णाली, भेरी, हिमा, तिला जस्ता नदीहरु रहेकोले जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको छ ।
- कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको प्रचुर सम्भावना रहेको छ ।

- यस प्रदेशमा हिमाल, पहाड र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकाले कृषि तथा पशुपालनमा प्रोत्साहनमुलक कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- कर्णाली प्रदेशमा देशकै महत्वपूर्ण कर्णाली, भेरी, हिमा, तिला जस्ता नदिहरु रहेता पनि हालसम्म १३.०२ मेगावाट मात्र जलविद्युत उत्पादन भएकोले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ ।
- कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयात्राको प्रचुर सम्भावना रहेको छ ।

**ख) प्रादेशिक चुनौती**

- कठिन भौगोलिक बनावटको बाबजुद शिक्षा, स्वास्थ्य, यातायात र सञ्चार लगायत समग्र आधारभूत तथा पूर्वाधार क्षेत्रको विकास र बिस्तारगरी समग्र प्रदेश आर्थिक तथा सामाजिक उन्नती हासिल गर्नु यस प्रदेशको प्रमुख चुनौती रहेको छ ।
- परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, वैज्ञानिक र रोजगारीयुक्त व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु अर्को महत्वपूर्ण चुनौती रहेको छ ।
- वैदेशिक रोजगारीका लागि भारत तथा खाडी मुलुकमा जाने अधिकांश युवा जनशक्तिलाई प्रदेशमै रोजगारीको अवसर सिर्जनागरी बढ्दो गरिबी तथा बेरोजगारीलाई न्यूनिकरण गर्नु ।
- यार्सागुम्बा लगायतका बहुमूल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै उत्पादन, निर्यात तथा बिक्री वितरण गर्नु ।
- न्यून आय तथा रोजगारीको कारणले शिक्षा तथा स्वास्थ्यको पहुँचमा आउन नसकेको जनसंख्याको हिस्सालाई शिक्षा र स्वास्थ्यको मुल प्रवाहमा समावेश गर्नु चुनौतीपूर्ण रहेको छ ।
- महत्वपूर्ण सम्भावित खनिज पदार्थ तथा पत्थरहरुको उत्खनन् गर्न उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु ।
- विमानस्थलमा ग्राउण्ड ह्याण्डलिङको व्यवस्था गर्दै स्थापित होटल तथा होमस्टे व्यवसायको गुणस्तर अभिवृद्धिगरी सम्भावित क्षेत्रमा पर्यटक आवागमनलाई निरन्तरता दिने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ ।
- हवाई यातायातलाई सुलभ, कम खर्चिलो तथा सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा बिस्तारमा आकर्षित गर्नु प्रदेशका विमान स्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु, यस प्रदेशमा रहेका वर्षैभरि निरन्तर बगिरहने हिम नदिहरुबाट प्रशस्त जलविद्युत उत्पादन गर्नु प्रमुख चुनौती रहेको छ ।

# परिच्छेद ३
# कृषि क्षेत्र


## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० को पुसमसान्तमा कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफल १.३८ प्रतिशतले बढेर ३,२१,७८५ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ३.९८ प्रतिशतले घटेको थियो। सरकारी निकायबाट कृषि क्षेत्रमा आकर्षण गर्नका लागि विभिन्न कृषि परियोजनाहरुको प्रादेशिक लगायत स्थानीय सरकार मार्फत कार्यान्वयन हुनु तथा कृषि बिमा कार्यक्रम सञ्चालन हुनु साथै गत वर्ष वर्षासमेत अधिक भएर खेती लगाइएको क्षेत्र बढेको कारणले गत अवधिको तुलनामा यस अवधिमा कृषि उपजले ढाकेको भू-क्षेत्रमा वृद्धि भएको हो। यद्यपि परम्परागत कृषि प्रणाली यथावत हुनु, समयमा पर्याप्त मात्रामा बीउ तथा मल उपलब्ध नहुनु तथा सिँचाईको उपलब्धता नहुनु जस्ता कारणहरुबाट कृषि व्यवसाय निर्वाहमुखी बन्न पुगेको र कतिपय अवस्थामा जीविकोपार्जन गर्न समेत गाह्रो हुने भएकोले श्रमशक्ति वैदेशिक रोजगार तथा स्वदेशमा स-सानो व्यापार व्यवसाय र ज्याला मजदुरीको क्षेत्रमा आकर्षित भएको देखिन्छ।

### क) खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७९/८० को पुसमसान्तमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल १.७५ प्रतिशतले बढेर २,७५,९०६ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ५.०४ प्रतिशतले घटेको थियो।

**रेखाचित्र ३.१ : प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र**
(हेक्टर)




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख बालीहरुमध्ये समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल १.१८ प्रतिशतले घटेको छ। गत अवधिमा भने धान बालीले ढाकेको क्षेत्रफल ११.०८ प्रतिशतले घटेको थियो। त्यस्तै, मकै, गहुँ र जौ बालीले ढाकेको क्षेत्रफल समीक्षा अवधिमा क्रमश: ५.५८ प्रतिशत, ०.५२ प्रतिशत र १.८० प्रतिशतले बढेको छ भने कोदो र फापर बाली क्रमश: १७.५७ प्रतिशत र ४६.५८ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा मकै, गहुँ, र जौ बालीले ढाकेको क्षेत्रफल क्रमश: ८.९७ प्रतिशत, ५.८१ प्रतिशत र २.१३ प्रतिशतले घटेको थियो भने कोदो र फापर बालीले ढाकेको क्षेत्रफल क्रमश: ३.९४ प्रतिशत र ४५.४२ प्रतिशतले बढेको थियो।

आर्थिक वर्ष २०७९/८० को पुसमसान्तमा फापर बालीले ढाकेको क्षेत्रफलमा ४६.५८ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा फापर बालीले ढाकेको क्षेत्रफल ४५.४२ प्रतिशतले बढेको थियो। त्यस्तै, समीक्षा अवधिमा भटमास बालीले ढाकेको क्षेत्रफल २.४८ प्रतिशतले वृद्धि भएको छ भने गत अवधिमा यो बाली ०.८८ प्रतिशतले बढेको थियो।

गत अवधिमा ३.३० प्रतिशतले बढेको आलु बालीले ढाकेको क्षेत्रफल समीक्षा अवधिमा भने १६.८५ प्रतिशतले घटेर ११,२९५ हेक्टर कायम भएको छ। समीक्षा अवधिमा दलहन बालीले ढाकेको क्षेत्रफल ११.५७ प्रतिशतले घटेर १६,८२२ हेक्टर कायम भएको छ भने तेलहन बालीले ढाकेको क्षेत्रफल १.६० प्रतिशतले घटेर ८,८४४ कायम भएको छ। गत अवधिमा दलहन बालीले ढाकेको क्षेत्रफल ७.८२ प्रतिशतले बढेको थियो भने तेलहन बालीले ढाकेको क्षेत्रफल २.६२ प्रतिशतले घटेको थियो।

**ख) तरकारी तथा बागवानी**


आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल क्रमशः १३,२४४ हेक्टर र ७,७३९ हेक्टर रहेको छ। समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ६.५२ प्रतिशत हिस्सा ओगटेको छ।

समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल ३.२१ प्रतिशतले घटेर २०,९८३ हेक्टर कायम भएको छ। अघिल्लो अवधिमा यो क्षेत्रफल ३.४८ प्रतिशतले बढेको थियो। कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये तरकारी र बागवानी क्षेत्रमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै ३२.४१ प्रतिशत र डोल्पा जिल्लाले सबैभन्दा कम १.२२ प्रतिशत हिस्सा ओगटेको छ।

**ग) फलफूल तथा मसला**

आर्थिक वर्ष २०७९/८० को पुसमसान्तमा कर्णाली प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल १.३० प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यस्तो क्षेत्रफल १.९९ प्रतिशतले वृद्धि भएको थियो। गत अवधिमा ३२,२१६ हेक्टरमा फैलिएको फलफूल तथा मसला क्षेत्र समिक्षा अवधिमा ३२,६३५ हेक्टर पुगेको छ। समीक्षा अवधिमा फलफूल तथा मसला क्षेत्रले समष्टिगत कृषि क्षेत्रको १०.१४ प्रतिशत हिस्सा ओगटेको छ।

**रेखाचित्र ३.२ : प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र (हेक्टर)**




*स्रोतः कृषि विकास निर्देशनालयर जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा अवधिमा प्रमुख फलफुलको रुपमा रहेका स्याउ, सुन्तला, आँप, केराले ढाकेको क्षेत्रफल क्रमशः १.४४ प्रतिशत ४.२५ प्रतिशत, ६.११ प्रतिशत र २६.२७ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा सुन्तला, आँप, स्याउले ढाकेको क्षेत्रफल क्रमशः ०.१३ प्रतिशत, १.०६ प्रतिशत, १.६० प्रतिशतले वृद्धि भएको थियो। त्यस्तै, समीक्षा आवधिमा अन्य फलफुलले ढाकेको क्षेत्रफल १९.८८ प्रतिशत घटेर ६५३ हेक्टर कायम भएको छ भने गत अवधिमा ४.६२ प्रतिशतले

वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा अदुवा तथा बेसार जस्ता प्रमुख मसला बालीले ढाकेको क्षेत्रफल ०.२४ प्रतिशतले बढेर ८,०४५ हेक्टर पुगेको छ भने गत अवधिमा मसला बालीले ढाकेको क्षेत्र ५.३८ प्रतिशतले बढेको थियो ।

**तालिका ३.१ : कृषि उपजले ढाकेको भु-क्षेत्र**
**(जिल्लागत)**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | ५२,४३८ | ६,८०० | ३,३३३ | १९.०१ | ३२.४१ | १०.२१ |
| दैलेख | ४८,७९८ | २,८९८ | ३,३३३ | १७.६९ | १३.८० | १०.२१ |
| जुम्ला | २०,८९८ | ५८० | ११,७४८ | ७.५७ | ४.०५ | ३६.०० |
| रुकुम पश्चिम | २४,७०५ | १,६२२ | १,००५ | ८.९५ | ७.७३ | ३.०८ |
| हुम्ला | ६,५५४.५७ | ३,३२५ | २,९९१ | २.३८ | १५.८५ | ९.१७ |
| जाजरकोट | ३२,४२४.५१ | १,१०० | ८०७ | ११.७५ | ५.२४ | २.४७ |
| कालिकोट | १९,३९०.३६ | १,१५८ | १,६४४ | ७.०३ | ५.५२ | ५.०४ |
| डोल्पा | ७,२४५.८९ | २५५ | ४१२ | २.६३ | १.२२ | १.२६ |
| मुगु | १०,८३८.०२ | ६३१ | २,८३९ | ३.९३ | ३.०१ | ८.७ |
| सल्यान | ५२,६१३.१३ | २,३४४ | ४,५२३ | १९.०७ | ११.१७ | १३.८६ |
| जम्मा | **२,७५,९०६.२५** | **२०,९८३** | **३२,६३५** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: कृषि विकास निर्देशनालयर जिल्लास्थित कृषि विकास कार्यालयहरु*

जिल्लागत तथ्याङ्क अनुसार, कर्णाली प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा सल्यानको अंश सबैभन्दा बढी १९.०७ प्रतिशत रहेको छ भने सबैभन्दा कम हुम्ला जिल्लाको २.३८ प्रतिशत रहेको छ (तालिका ३.१) । त्यसैगरी, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी सुर्खेत जिल्लाको ३२.४१ प्रतिशत रहेको छ भने सबैभन्दा कम डोल्पा जिल्लाको १.२२ प्रतिशत रहेको छ । जुम्ला जिल्लाले कर्णाली प्रदेशको कुल फलफुल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी ३६.०० प्रतिशत क्षेत्रफल आगटेको छ । त्यस्तै, डोल्पा जिल्लाले सबैभन्दा कम १.२६ प्रतिशत भू-भाग ओगटेको छ ।

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा कर्णाली प्रदेशमा प्रमुख कृषि बालीको उत्पादन २.१३ प्रतिशतले वृद्धि भई ११,५८,३६८ मेट्रिक टन पुगेको छ। गत अवधिमा यस्तो उत्पादन ४.७८ प्रतिशतले बढेर ११,३४,२४५ मेट्रिक टन पुगेको थियो ।


अन्तर-सरकारी निकायहरुबीच उचित समन्वय नभई सिँचाई सुविधाको बिस्तार हुन नसकेको र कृषि लक्षित कार्यक्रम तथा विनियोजित बजेटको कार्यान्वयन हुन कठिनाई भएकोले यस प्रदेशको कृषि उत्पादनमा उल्लेख्य सुधार हुन नसकेको देखिन्छ । तथापि, कमजोर भू-बनोट तथा कृषियोग्य भूमीको कम उपलब्धताका बीचमा कृषि उत्पादनमा आएको वृद्धिदरलाई सकारात्मक रुपमा लिन सकिन्छ ।

**क) खाद्य तथा अन्य बाली**

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको उत्पादन ४.६३ प्रतिशतले वृद्धि भई ८,१६,१०६ मेट्रिक टन पुगेको छ । गत अवधिमा यस्तो उत्पादन ०.०३ प्रतिशतले बढेर ७,७९,९६० मेट्रिक टन पुगेको थियो ।

समीक्षा अवधिमा प्रमुख कृषि बालीमध्ये धान बालीको उत्पादन २.०५ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यस्तो उत्पादन १९.४४ प्रतिशतले घटेको थियो। त्यस्तै, गत अवधिमा १.६० प्रतिशतले घटेको मकै उत्पादन समीक्षा अवधिमा ९.२१ प्रतिशतले बढेको छ।

**रेखाचित्र ३.३ : खाद्य तथा अन्य बालीको उत्पादन**
**(मेट्रिक टन)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

आर्थिक वर्ष २०७९/८० को पुसमसान्तमा कोदो र फापरको उत्पादन क्रमशः ४५.९४ प्रतिशत र १९.७७ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यी दुई बालीको उत्पादन क्रमशः ०.९० प्रतिशत र ७.६२ प्रतिशतले बढेको थियो। गत अवधिमा २.०९ प्रतिशतले घटेको जौको उत्पादन समिक्षा अवधिमा ४५.४९ प्रतिशतले बढेर १३,३०३ मेट्रिक टन पुगेको छ। त्यस्तै, समिक्षा अवधिमा गहुँ उत्पादन गत अवधिको तुलनामा १३.९३ प्रतिशतले बढेर १,८७,५११ मेट्रिक टन पुगेको छ।

समीक्षा अवधिमा आलुको उत्पादन १३.४९ प्रतिशतले घटेर १,४८,९२० मेट्रिक टन कायम भएको छ भने गत अवधिमा आलु उत्पादन ८.७१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा उखुको उत्पादन १.५३ प्रतिशतले घटेर ३२२ मेट्रिक टन कायम भएको छ।

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा कर्णाली प्रदेशभित्र फापरको उत्पादन १९.७७ प्रतिशतले बढेको छ। गत अवधिमा यो उत्पादन ७.६२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा भटमास उत्पादन ३.६९ प्रतिशतले बढेर ५,७९६ मेट्रिक टन पुगेको छ। त्यस्तै, गत अवधिमा १३.०७ प्रतिशतले बढेर ९,३३७ मेट्रिक टन पुगेको तेलहन उत्पादन समीक्षा अवधिमा ४.०८ प्रतिशतले बढेर ९,७१७ मेट्रिक टन पुगेको छ। त्यस्तै, समीक्षा अवधिमा कर्णाली प्रदेशमा दलहन उत्पादनमा २१.५ प्रतिशतले गिरावट आई १५,७५१ मेट्रिक टन कायम भएको छ भने गत अवधिमा दलहन उत्पादनमा १०.८५ प्रतिशतले वृद्धि भएको थियो।

### ख) तरकारी तथा बागवानी


समीक्षा अवधिमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी उत्पादन ८.४५ प्रतिशतले कमी भई १,६३,६१८ मेट्रिक टन कायम भएको छ। गत अवधिमा यस्तो उत्पादन १४.१४ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा कर्णाली प्रदेशमा तरकारी उत्पादन १०.०७ प्रतिशतले घटेर १,३९,७६८ मेट्रिक टन कायम भएको छ। गत अवधिमा यस्तो उत्पादन ६.७६ प्रतिशतले बढेको थियो। त्यस्तै, समीक्षा अवधिमा कर्णाली प्रदेशमा बागवानी उत्पादन २.३४ प्रतिशतले बढेर २३,८५०

मेट्रिक टन पुगेको छ। पछिल्लो समयमा उपयुक्त बीउविजन तथा मल खाद्यको उपलब्धता साथै आधुनिक खेती प्रणालीमा अपेक्षाकृत सुधार हुन नसक्दा उत्पादन घटेको हो ।

### ग) फलफूल तथा मसला

समीक्षा अवधिमा कर्णाली प्रदेशभित्र फलफूल तथा मसला उत्पादन १.७८ प्रतिशतले बढेको छ । गत अवधिमा उक्त उत्पादन २०.१२ प्रतिशतले बढेको थियो ।

**रेखाचित्र ३.४ : फलफुल उत्पादन**
**(मेट्रिक टन)**





*स्रोत: कृषि विकास निर्देशनालयर जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख फलफूलमध्ये सुन्तला उत्पादन समीक्षा अवधिमा ९.३१ प्रतिशतले बढेर १९,६०० मेट्रिक टन पुगेको छ । गत अवधिमा यो उत्पादन १.९ प्रतिशतले घटेको थियो । त्यस्तै, गत अवधिमा ५०.३८ प्रतिशतले बढेको आँप उत्पादन समीक्षा अवधिमा ७.७६ प्रतिशतले घटेर ९,३१७ मेट्रिक टन कायम भएको छ। समीक्षा अवधिमा कर्णाली प्रदेशमा केराको उत्पादनमा ७.२८ प्रतिशलते गिरावट आई ४,४९३ मेट्रिक टन कायम भएको छ भने स्याउको उत्पादन १७.७९ प्रतिशतले बढेर ३८,८४१ मेट्रिक टन पुगेको छ। गत अवधिमा केरा र स्याउको उत्पादन क्रमश: ६४.६८ प्रतिशतर ४.२९ प्रतिशतले वृद्वि भएको थियो । त्यसैगरी, अन्य फलफूलको उत्पादन समीक्षा अवधिमा १.७८ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा अदुवा, बेसार लगायतका प्रमुख मसला बालीको उत्पादन ६.७९ प्रतिशतले घटेर ६६,६८४.४४ मेट्रिक टन कायम भएको छ । गत अवधिमा यो उत्पादन ९.२३ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७९/८० को पुसमसान्तमा कर्णाली प्रदेशमा मह उत्पादन २०.४८ प्रतिशतले घटेर १५४.८२ मेट्रिक टन कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १९४.७० मेट्रिक टन रहेको थियो ।

**रेखाचित्र ३.५ : प्रमुख कृषि बालीको उत्पादन (प्रतिशत)**




*स्रोतः कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनले कर्णाली प्रदेशको कुल कृषि उत्पादनको करिब ७०.४५ प्रतिशत हिस्सा ओगटेको छ । जसमध्ये, सबैभन्दा धेरै (३३.०० प्रतिशत) हिस्सा मकै उत्पादनको रहेको छ भने सबैभन्दा कम (०.०४ प्रतिशत) हिस्सा उखु उत्पादनको रहेको छ । त्यस्तै, धान, कोदो र आलु उत्पादनको हिस्सा क्रमशः १५.८६ प्रतिशत, २४.६२ प्रतिशत र १८.२५ प्रतिशत रहेको छ । त्यसैगरी, तरकारी तथा वागवानी र फलफूल तथा मसला बालीको उत्पादनको हिस्सा क्रमशः १४.१२ प्रतिशत र १५.४१ प्रतिशत रहेको छ ।

**तालिका ३.२ : प्रमुख कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | १,८४,१८६.१२ | ६६,६२१ | ६३,१९६ | २२.५७ | ४०.७२ | ३५.४१ |
| दैलेख | १,५५,४२७.१८ | २६,१६८ | १६,७३५ | १९.०४ | १५.९९ | ९.३८ |
| जुम्ला | ६२,१८३.४२ | ८,५०० | १२,३४० | ७.६२ | ५.२० | ६.९१ |
| रुकुम पश्चिम | ७४,०७३.६५ | २०,४५५ | ९,६६२ | ९.०८ | १२.५० | ५.४१ |
| हुम्ला | १५,११२.२८ | ८,७४० | ४,८८३ | १.८५ | ५.३४ | २.७४ |
| जाजरकोट | ९४,७६४.७७ | ६,९५० | ४,०७२ | ११.६१ | ४.२५ | २.२८ |
| कालिकोट | ३८,७१६.८१ | १,१६४ | १३,०६६ | ४.७४ | ०.७१ | ७.३२ |
| डोल्पा | १३,२६५.४२ | ० | ४,१३६ | १.६३ | ० | २.३२ |
| मुगु | १७,५७०.५८ | ६,३७० | १,१०९ | २.१५ | ३.८९ | ६.२२ |
| सल्यान | १,६०,८०५.९३ | १८,६५० | ३९,२९१ | १९.७० | ११.४० | २२.०१ |
| **जम्मा** | **८,१६,१०६.१६** | **१,६३,६१८** | **१,७८,४८९.४९** | **१००** | **१००** | **१००** |

*स्रोतः कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु २०७९/८०*

समीक्षा अवधिमा यस प्रदेशको कुल खाद्य तथा अन्य बाली उत्पादनको सबैभन्दा बढी २२.५७ प्रतिशत हिस्सा सुर्खेत जिल्लाको रहेको छ भने सबैभन्दा कम १.६३ प्रतिशत हिस्सा डोल्पा जिल्लाको रहेको छ (तालिका ३.२) । त्यसैगरी, यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सुर्खेत जिल्लाको ४०.७२ प्रतिशत रहेको छ भने डोल्पा जिल्लामा उत्पादन हुन सकेको छैन । त्यस्तै, फलफूल तथा मसला बालीको हिस्सा सबैभन्दा बढी ३५.४१ प्रतिशत सुर्खेत जिल्लाको रहेको छ भने सबैभन्दा कम २.२८ प्रतिशत जाजरकोट जिल्लाको रहेको छ ।

### ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**क) पशुजन्य उत्पादन**

कर्णाली प्रदेशमा समीक्षा अवधिमा दूध उत्पादन २६.८६ प्रतिशतले बढेर ३५,४५२ हजार लिटर पुगेको छ। गत अवधिमा यो उत्पादन ९.२५ प्रतिशतले बढेको थियो। त्यस्तै, मासु उत्पादन आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा १७.३२ प्रतिशतले बढेर २१,४९१ मेट्रिक टन पुगेको छ। यो उत्पादन अघिल्लो बर्षको सोही अवधिमा ६.३८ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कर्णाली प्रदेशमा अण्डा उत्पादन १०.०६ प्रतिशतले बढेर ४९,६७४ हजार गोटा पुगेको छ भने गत अवधिमा योउत्पादनमा ६४.०३ प्रतिशतले गिरावट आएको थियो। समीक्षा अवधिमा माछा उत्पादन ९.५९ प्रतिशतले बढेर १०० मेट्रिक टन पुगेको छ। यस प्रदेशका सुर्खेत तथा सल्यान लगायतका जिल्लाहरुमा युवाहरु व्यावसायिक माछा पालनतर्फ आकर्षित भएका छन्। कम लागत, अत्याधिक माग तथा सरकारबाट प्रदान गरिएको अनुदानले माछा उत्पादनमा बढोत्तरी भएको अनुमान छ।

### ३.४ वनजन्य उत्पादन

समीक्षा अवधिमा कर्णाली प्रदेशमा काठ उत्पादनमा २०.०५ प्रतिशत गिरावट आई १,४२,९२० क्यूविक फिट कायम भएको छ भने दाउराको उत्पादन २४.५६ प्रतिशतले बढेर २५३ चट्टा पुगेको छ। गत अवधिमा काठ र दाउराको उत्पादनमा क्रमशः ३२.६८ प्रतिशत र ५०.८५ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा औषधीजन्य वस्तुहरुको उत्पादनमा १३.८२ प्रतिशतले वृद्धि भएर ३,०२२ मेट्रिक टन पुगेको छ। गत आर्थिक वर्षमा यो उत्पादन ३३.६८ प्रतिशतले घटेको थियो।

### ३.५ सिचाई

समीक्षा अवधिमा यस प्रदेशमा रहेको कुल खेतीयोग्य जमिन १,७३,८४१ हेक्टरमध्ये १,०४,७८९ हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ। जसमध्ये ५३,९८८ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ। गत अवधिको तुलनामा समिक्षा अवधिमा सिंचित क्षेत्रफल ६.६५ प्रतिशतले घटेको छ।

**तालिका ३.३ : कर्णाली प्रदेशमा सिंचाईको अवस्था**
**(हेक्टर)**

| सिँचाई | आ.व. २०७७/७८ (साउन-पुस) | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) |
|---|---|---|---|
| कुलो | ४३,०९३.०० | ४६,७६०.०० | ४२,४५३.०० |
| नहर | ८,८८०.०० | ९,५४०.०० | ९,९०४.०० |
| पोखरी | ८५०.५० | १,००४.२६ | १,०४९.०८ |
| बोरिङ्ग | २.०० | २.०० | २.०० |
| अन्य | ३७६.०० | ३८४.०० | ४११.५० |

*स्रोतः खानेपानी, सिँचाई तथा ऊर्जा विकास निर्देशनालय र जिल्ला स्थित कार्यालयहरु*

समीक्षा अवधिमा कुलोद्वारा सिंचित क्षेत्रफल सबैभन्दा बढी ४२,४५३ हेक्टर रहेको छ भने सबैभन्दा कम २ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिंचित रहेको छ। समीक्षा अवधिमा कुलोद्वारा सिंचित क्षेत्रफल ९.२१ प्रतिशतले घटेको छ। गत अवधिमा यस्तो क्षेत्रफल ८.५१ प्रतिशतले बढेको थियो। त्यसैगरी, नहरद्वारा सिंचित क्षेत्रफल समीक्षा अवधिमा करिव ३.८२ प्रतिशतले बढेर ९,९०४ हेक्टर पुगेको छ। समीक्षा अवधिमा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा सबैभन्दा बढी ५२,२०० हेक्टर खेतीयोग्य जमिन रहेको छ भने उक्त खेतियोग्य जमिनको १९,८९३ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको देखिन्छ।

## ३.६ क्षेत्रगत कृषि कर्जा

आ.व २०७९/८० को पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जा गत आ.व. को सोही अवधिकोको तुलनामा २४.२२ प्रतिशतले बढेर रु.५ अर्ब ४८ करोड ५५ लाख पुगेको छ (तालिका ७)। गत वर्षमा यस्तो कर्जा ३४.२७ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ४१ करोड ५८ लाख पुगेको थियो। नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जामा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईएको, साथै सरकारले लागु गरेका प्रधानमन्त्री कृषि आधुनिकिकरण, व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी व्याज अनुदान कार्यान्वयन कार्यविधि लगायतका कार्यक्रमहरु संचालन गरेको हुँदा कृषि कर्जा बढेको देखिन्छ।

कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.१ अर्ब २२ करोड ५८ लाख पशुपालन/पशु वधशाला शीर्षकमा प्रवाह भएको छ भने रु.५ करोड ४ लाख माछा पालनमा प्रवाहित भएको छ। समीक्षा अवधिमा पशुपालन/पशु वधशाला र माछापालन शीर्षकमा प्रवाह भएको कर्जा क्रमशः ४५.१७ प्रतिशत र ८२.८२ प्रतिशतले वृद्धि भएको छ। यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु.२ अर्ब ५९ करोड ५८ लाख सुर्खेत जिल्लामा प्रवाहित भएको छ भने सबैभन्दा कम रु.९९ करोड ३२ लाख डोल्पा जिल्लामा प्रवाहित भएको छ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**
**(रु. दश लाख)**

| जिल्ला | आ.व. २०७७/७८ (साउन-पुस) | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ५७.५० | ८०.१८ | ९९.३२ | ३९.४३ | २३.८७ |
| मुगु | २३.०४ | ७३.७४ | १०२.८१ | २२०.०८ | ३९.४३ |
| हुम्ला | १४४.३२ | १८८.८६ | २००.४५ | ३०.८६ | ६.१४ |
| जुम्ला | ३१३.८२ | ३६४.१२ | ५२९.७० | १६.०३ | ४५.४७ |
| कालीकोट | ७८.१० | ११०.८६ | १३७.८३ | ४१.९४ | २४.३२ |
| दैलेख | १९८.६३ | ४२०.०५ | ३८२.२९ | १११.४७ | १९८.६३ |
| जाजरकोट | २०१.५० | २५२.५२ | ३०१.६० | २५.३२ | १९.४३ |
| रुकुम पश्चिम | ३०९.३२ | ४३३.७६ | ५५९.५१ | ४०.२३ | २८.९९ |
| सल्यान | ४५२.२४ | ५४५.८५ | ५७६.२९ | २०.७० | ५.५८ |
| सुर्खेत | १,५१०.३३ | १,९४५.८९ | २,५९५.७७ | २८.८४ | ३३.४० |
| **कर्णाली प्रदेश** | ३,२८८.८१ | ४,४१५.८४ | ५,४८५.५६ | ३४.२७ | २४.२२ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रको चुनौती र सम्भावना

### क) कृषि क्षेत्रको चुनौती

- परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गरी यस प्रदेशमा रहेका युवा जनशक्तिलाई आत्मनिर्भर बनाउनु।
- अधिकांश युवा जनशक्ति रोजगारीको लागि विदेश पलायन हुँदा यस प्रदेशमा बाँझो खेतियोग्य जमिन बढ्दै गई विदेशि कृषि उत्पादनको आयात बढ्दै गएकोले स्वदेशी उत्पादन बढाई सो प्रवृतिलाई निरुत्साहित गर्नु।

- जीवन निर्वाहको लागि वैदेशिक रोजगारीको खोजिमा विदेशिनु पर्ने वाध्यतालाई अन्त्य गरी स्वदेशमै रोजगारीको सुनिश्चितता गर्नु ।
- कृषियोग्य जमिनको संरक्षण र आधुनिक कृषि प्रणालीको अवलम्बन गरी प्रदेशमा रहेका युवा जनशक्तिलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गरी सबल जीवनयापनको माध्यमको रुपमा विकास गर्नु ।
- स्थानीय उत्पादनको प्रवर्द्धन र संरक्षणका लागि आवश्यक स्थानीय बीउबिजनको संरक्षण गर्नु ।
- प्राङ्गारिक कृषि, जडिबुटी लगायतका प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यवसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नु ।
- कृषि क्षेत्रमा सीमित मात्रामा उपलब्ध रहेका स्रोत साधनहरुको अधिकतम तथा उच्चतम प्रयोग गरी कृषि क्षेत्रलाई आधुनिकरण, यान्त्रीकरण तथा व्यवसायिकरण गर्दै आयआर्जनको प्रमुख स्रोतको रुपमा विकास गर्नु ।
- कृषि सम्बन्धी आवश्यक तालिम, मलखाद तथा बीउबीजनको सुनिश्चितता गरी उत्पादित वस्तुहरुको उचित भण्डारण र बजारीकरणको व्यवस्था गर्नु ।
- जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा देखापरेका समस्याहरुको न्यूनिकरण गर्दै कृषि क्षेत्रलाई उत्पादनको भरपर्दो क्षेत्रको रुपमा विकास गर्दै लैजानु ।
- यस प्रदेशको कुल खेतीयोग्य जमीनको करिब ३१ प्रतिशत भू-भागमा मात्र सिँचाइ सुविधा पुगेकोले पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।

**ख) कृषि क्षेत्रको सम्भावना**

- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आवद्ध गर्दै कृषि उद्यमको विकास गरी रोजगारी वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशबाट छिमेकी मुलुक भारत तथा अन्य देशहरुमा रोजगारीका लागि जाने संख्या उच्च रहेकोले त्यस्ता श्रमिकहरुलाई व्यवसायिक कृषि, उद्यमशीलता जस्ता क्षेत्रहरुमा खपत गराई कृषि क्षेत्रमा गुणात्मक परिवर्तन गर्न सकिने उच्च सम्भावना रहेको ।
- कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएकाले यसको विकास तथा प्रवर्द्धन गर्दै अर्थोपार्जनको मुख्य श्रोतको रुपमा विकास गरी प्रचुर मात्रामा रोजगारी सिर्जना गर्न सकिने ।
- यस प्रदेशमा हिमाली, पहाडी तथा भित्री मधेश लगायत सबै भुगोल रहेकोले यहाँ धान गहुँ, मकै, कोदो, जौ, आलु, व्यवसायिक तरकारी, पशुपालन लगायत फलफूल खेती गर्न सकिने प्रचुर सम्भावना रहेको ।
- यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा रहेका जलसम्पदाहरु जस्तै कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खोलानाला, पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिँचाई सुविधाको बिस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने सम्भावना उच्च रहेको ।

- यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ। यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यवसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको ।

- यस प्रदेशको जुम्ला लगायतका हिमाली जिल्लामा व्यवसायिक स्याउ, ओखर खेती तथा अन्य पहाडी जिल्लाहरु सुर्खेत, दैलेख, कालिकोट, सल्यानमा व्यवसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको ।

- कर्णाली प्रदेशले पर्यटनको प्रचुर सम्भावना बोकेको हुँदा पर्यटनलाई कृषिसँग जोडेर कृषि पर्यटनलाई प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।


## परिच्छेद ४
## उद्योग क्षेत्र

### ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

**क) उद्योगको क्षमताको उपयोग**

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशका नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५१.८८ प्रतिशत रहेको छ । कर्णाली प्रदेशको उद्योगहरुको उपयोग क्षमतामा प्रशोधित दुधको उपयोग क्षमता सबैभन्दा बढी ६६.६७ प्रतिशत रहेको छ । त्यस्तै सबैभन्दा कम उपयोग क्षमता जि.आई. तार उद्योगको २२.३५ प्रतिशत रहेको छ । त्यसैगरी, जि.आई पाईप, गहुँको पिठो, चिरेको काठ, चामल र प्लाष्टिकका सामान उद्योगको उपयोग क्षमता क्रमश ६७.५० प्रतिशत, ६६.६७ प्रतिशत, ५०.० प्रतिशत, ५०.० प्रतिशत र ४०.० प्रतिशत रहेको छ ।


**रेखाचित्र ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था**
**(प्रतिशत)**




*स्रोतः वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार कर्णाली प्रदेशमा जम्मा ३,५२६ वटा कम्पनी दर्ता भएका छन्, जुन अन्य प्रदेशको तुलनामा सवैभन्दा कम अर्थात कुल दर्ता भएका कम्पनीहरुको १.२४ प्रतिशत मात्र हो । यस प्रदेशमा संचालनमा आएका लघु, घरेलु तथा साना उद्योगहरुको संख्या २९,२४८ छन् जसबाट १,३३,९६५ रोजगारी सिर्जना भएको अनुमान छ । यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव, तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख अवरोधहरुले ठूला उद्योगहरुको सञ्चालन हुन सकेको देखिदैन ।

**रेखाचित्र ४.२ : औद्योगिक उत्पादन**





*स्रोतः वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको उत्पादन समीक्षा अवधिमा ४७.४९ प्रतिशतले घटेको छ । यस प्रदेशमा समीक्षा अवधिमा प्रशोधित दुधको उत्पादन १४.२९ प्रतिशतले बढेर १०,८०,००० लिटर पुगेको छ भने चामल, गहुँ र चिरेको काठको उत्पादन क्रमशः ४०.० प्रतिशत, ३३.३३ प्रतिशत र ५०.० प्रतिशतले घटेको छ ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तमा रु.३ अर्ब ६७ करोड १० लाख रहेको कुल औद्योगिक कर्जा समीक्षा अवधिमा ४४.०४ प्रतिशतले बढेर रु.५ अर्ब २८ करोड ७८ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४५.१७ प्रतिशतले घटेको थियो । घर जग्गा कर्जा तथा उपभोग्य कर्जामा उल्लेख्य वृद्धि भएको कारणले गर्दा कुल औद्योगिक कर्जामा वृद्धि भएको हो । समीक्षा अवधिमा विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ५६३.७६ प्रतिशतले वृद्धि भएको छ भने खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ३७.०९ प्रतिशतले घटेको छ। कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा प्रवाहित कर्जा गत अवधिको तुलनामा ६८.५५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै निर्माण सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ३७.०८ प्रतिशत, गैर खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा १४.६६ प्रतिशतले वृद्धि भएको छ भने धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा ५.६३ प्रतिशतले गिरावट आएको छ ।

**रेखाचित्र ४.३ : क्षेत्रगत औद्योगिक कर्जा**
**(प्रतिशत)**




*स्रोतः नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी निर्माण सम्बन्धी क्षेत्रको अंश ३१.२ प्रतिशत र सबैभन्दा कम खानी सम्बन्धी क्षेत्रको अंश १.८ प्रतिशत रहेको छ । त्यसैगरी, गैर खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योग, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, विद्युत, ग्याँस तथा पानी सम्बन्धी र धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योगले कुल औद्योगिक कर्जाको क्रमशः २३.४ प्रतिशत, २२.० प्रतिशत, १३.८ प्रतिशत र ७.८ प्रतिशत हिस्सा ओगटेका छन् ।

समीक्षा अवधिमा कर्णाली प्रदेशमा औद्योगिक कर्जाको उपभोग जुम्ला, रुकुम पश्चिम, सल्यान, सुर्खेत, हुम्ला, मुगुमा क्रमशः २३०.६१ प्रतिशत, ५७.३६ प्रतिशत, ५२.८३ प्रतिशत, ३८.०६ प्रतिशत, ४.७३ प्रतिशत, ३.५५ प्रतिशतले बढेको छ भने बाँकी जिल्ला डोल्पा, जाजरकोट र कालिकोटमा औद्योगिक कर्जाको उपभोगमा क्रमशः १३०.१२ प्रतिशत, २५.७१ प्रतिशत र २३.५९ प्रतिशतले घटेको देखिन्छ ।

**तालिका ४.१ : जिल्लागत औद्योगिक कर्जा**
(रु. दश लाख)

| जिल्ला | आ.व. २०७७/७८ पुसमसान्त | आ.व. २०७८/७९ पुसमसान्त | आ.व. २०७९/८० पुसमसान्त | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा अवधिको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ३२.७९ | २५.११ | १६.७८ | - २३.४३ | - १३०.१२ |
| मुगु | ५५.९७ | ५०.२६ | ५२.०४ | - १०.२० | ३.५५ |
| हुम्ला | ९९.७९ | १०३.८८ | १०८.७९ | ४.०९ | ४.७३ |
| जुम्ला | २८८.८२ | २२०.८१ | ७३०.०१ | - २३.५५ | २३०.६१ |
| कालीकोट | २११.१२ | १३१.८६ | १००.७६ | - ३७.५४ | - २३.५९ |
| दैलेख | ३३६.४० | २६८.७५ | २६९.२४ | - २०.११ | ०.१८ |
| जाजरकोट | १५१.६४ | ६२.९६ | ४६.७८ | - ५८.४८ | - २५.७१ |
| रुकुम पश्चिम | ७७१.९६ | १३१.२२ | २०६.४८ | - ८३.०० | ५७.३६ |
| सल्यान | ९५३.६१ | ४२१.७८ | ६४४.६० | - ५५.७७ | ५२.८३ |
| सुर्खेत | ३,७९३.१६ | २,२५४.३६ | ३,११२.३२ | - ४०.५७ | ३८.०६ |
| **कर्णाली प्रदेश** | **६,६९५.२७** | **३,६७०.९९** | **५,२८७.७९** | **- ४५.१७** | **४४.०४** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

आ.व.२०७९/०८० को पुस मसान्तमा सुर्खेत जिल्लामा सबैभन्दा धेरै रु.३ अर्ब ११ करोड २३ लाख औद्योगिक कर्जा उपभोग भएको छ भने सबैभन्दा कम रु.१ करोड ६८ लाख डोल्पा जिल्लाले उपभोग गरेको छ (तालिका ४.१)। औद्योगिक कर्जा घट्नुको प्रमुख कारण बैंक तथा वित्तीय संस्थाहरुमा रहेको तरलताको समस्या तथा ब्याजदरमा भएको वृद्धिलाई मान्न सकिन्छ ।

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### क) औद्योगिक क्षेत्रको चुनौती

- कर्णाली प्रदेशमा रहेको कुल जनशक्तिको अधिक हिस्सा अदक्ष जनशक्ति रहेकाले उक्त जनशक्तिलाई दक्ष तथा प्राविधिक जनशक्तिको रुपमा विकास गर्दै उद्योगहरुको प्रर्वद्धन तथा विकास गर्दै जानु ।
- उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु ।
- यस प्रदेश भौगोलिकरुपमा विकट भएकोले उद्योग क्षेत्रको विकास र बिस्तार गर्न आवश्यक भौतिक पूर्वाधारहरु जस्तै यातायात, विद्युत, सञ्चार तथा मोटर बाटोको सहज पहुँच अभिवृद्धि गर्नु ।
- आवश्यक भौतिक पूर्वाधारहरु जस्तै यातायात, विद्युत, सञ्चार तथा मोटर बाटोको सहज पहुँच नहुँदा सञ्चालित उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु ।
- यस प्रदेशबाट भारत लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने श्रमिकहरुलाई प्रदेशमा उपलब्ध स्थानिय स्रोत र साधनहरुमा आधारित उद्योगहरुमा आकर्षित गरी प्रदेशमै टिकाई राख्नु ।
- यस प्रदेशको औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधार विकास तथा लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी निजी पुँजीको परिचालन तथा वैदेशिक लगानी आकर्षण गर्नु ।

- प्रदेशमा सञ्चालित उद्योगहरुलाई तुलनात्मक लाभ लिने गरी प्रतिस्पर्धी बनाउनु, खानीहरुको उत्खनन र उपयोग गर्नु, उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ तथा प्रविधिको सुनिश्चितता गर्नु ।

**ख) औद्योगिक क्षेत्रको सम्भावना**

- उद्योगहरुलाई आवश्यक कामदार आपूर्ति गर्न युवा जनशक्तिको सीप र दक्षतालाई अभिवृद्धि गर्दै दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- कर्णाली प्रदेशमा प्राङ्गारिक कृषि खेतीको प्रचुर सम्भावना रहेकोले कृषि र यससँग सम्बन्धित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई प्राङ्गारिक कृषि खेतीको नमुना क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- यस प्रदेशमा उर्जामुलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र बिस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने ।
- घरेलु, साना तथा मझौला उद्योगहरु (SMEs) को लागत कम गर्दै प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरी स्थानीय उत्पादन निर्यात गर्न सकिने ।
- प्रदेशमा औद्योगीकरण मार्फत उद्योग क्षेत्रको विकास र बिस्तार गरी दिगो तथा फराकिलो आर्थिक वृद्धि हाँसिल गर्न सकिने ।
- पूर्वाधार विकासमा सरकारको लगानी बढ्दै जानु, प्रदेशमै दक्ष जनशक्ति तयार हुनु र युवाहरु उद्यमशीलताप्रति आकर्षित हुदै जानुले उद्योग क्षेत्रमा उच्च सम्भावना रहेको ।

# परिच्छेद ५
# सेवा क्षेत्र

## ५.१ पर्यटन


कर्णाली प्रदेशमा सञ्चालनमा रहेका होटलहरुको स्तर, लगानी तथा यसले प्रदान गर्ने सुविधाको आधारमा यस प्रदेशका १० जिल्लाहरुमध्ये डोल्पा जिल्लामा पर्यटकिय होटलहरु शे-फोक्सुण्डो जाने रुटमा रहेको र उक्त होटलहरुमा नेटवर्कको समस्याले गर्दा तथ्याङ्क संकलन गर्न असहज हुने हुँदा बाँकी नौ जिल्लामध्ये सुर्खेतबाट २ वटा र रुकुम पश्चिम, जुम्ला, मुगु, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख तथा सल्यानबाट १/१ गरी जम्मा १० वटा पर्यटकस्तरीय होटलहरुको छनौट गरिएको छ । यी छनौटमा परेका होटलहरूबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था विश्लेषण गरिएको छ ।

- समीक्षा अवधिमा कर्णाली प्रदेशका होटलहरुको शैया संख्या ४.९३ प्रतिशतले बढोत्तरी भई ३८३ पुगेको छ। गत वर्षको सोही अवधिमा होटल शैया संख्या ०.५५ प्रतिशतले वृद्धि भएको थियो ।
- समीक्षा अवधिमा कर्णाली प्रदेशमा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा २३.८१ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा सो व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा ०.६८ प्रतिशतले ह्रास आएको थियो ।
- आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तमा ३६.९१ प्रतिशतले वृद्धि भएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा अवधिमा ८०.९७ प्रतिशतले वृद्धि भएको देखिन्छ ।
- आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तमा १५.४९ प्रतिशतले ह्रास आएको चिनियाँ पर्यटक आगमनको संख्यामा आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा गत वर्षकै संख्यामा रहेको छ ।
- यस प्रदेशमा समीक्षा अवधिमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा ४३.७२ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर २.७५ प्रतिशत रहेको थियो ।
- यस प्रदेशमा पर्यटन विकासको प्रचुर सम्भावना हुँदाहुँदै पनि उचित प्रचारप्रसारको अभाव रहनुका साथै पर्यटकीय पूर्वाधारहरुको विकास हुन नसक्दा पर्यटन क्षेत्रमा गुणात्मक सुधार आउन सकेको छैन ।
- विगत केही वर्षहरुमा कोभिड-१९ बाट अत्यन्तै प्रवाभित होटल तथा पर्यटन क्षेत्र, महामारीको असर कम हुँदै गएसँगै पर्यटकहरुको आगमन बढदै गएकोले पर्यटन क्षेत्र क्रमश सुधारोन्मुख हुँदै गईरहेको देखिन्छ ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्यामा ५९.०३ प्रतिशतले ह्रास भएको छ । गत अवधिमा सो संख्या ७.२६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ३८.६५ प्रतिशतले घटेको छ भने गत अवधिमा सो संख्या ११.२९ प्रतिशतले बढेको थियो । त्यसैगरी समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व रु.१० करोड ७६ लाख पुगेको छ। सरकारले जग्गाको वर्गिकरण गर्ने उद्देश्यले केही समय जग्गाको कित्ताकाटमा कडाई गरेको कारण घरजग्गा कारोवारमा कमी आई राजस्व संकलनमा ह्रास आएको छ। सरकारले जग्गाको कित्ताकाटमा खुला गरेसँगै राजस्व संकलन लयमा फर्किने अनुमान गर्न सकिन्छ ।

**रेखाचित्र ५.१ : घरजग्गा कारोवारको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा नगरपालिका/गाउँपालिका कार्यालयहरु*

## ५.३ वित्तीय सेवा

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४५९ शाखा रहेका छन् (तालिका ५.१) । गत आर्थिक वर्षको सोही अवधिमा यस प्रदेशमा जम्मा ४४४ वटा शाखा रहेका थिए । आर्थिक वर्ष २०७९/८० को ६ महिनाको अवधिमा १५ शाखा बिस्तार भई शाखा संख्या ४५९ पुगेकोमा वाणिज्य बैंक (क वर्ग) का २०३ वटा, विकास बैंक (ख वर्ग) का २१ वटा, वित्त कम्पनी (ग वर्ग) का ३ वटा र लघु वित्त वित्तीय संस्था (घ वर्ग) का २३२ वटा रहेका छन् ।

**तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्या (जिल्लागत)**

| जिल्ला | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| **दैलेख** | २५ | १ | | ३० | ५६ |
| **डोल्पा** | १३ | | | ३ | १६ |
| **हुम्ला** | ९ | १ | | २ | १२ |
| **जाजरकोट** | १३ | १ | | १८ | ३२ |
| **जुम्ला** | २१ | १ | | १४ | ३६ |
| **कालिकोट** | १५ | | | १२ | २७ |
| **मुगु** | ८ | | | ५ | १३ |
| **रुकुम पश्चिम** | २१ | २ | १ | २८ | ५२ |
| **सल्यान** | २५ | ५ | १ | ४५ | ७६ |
| **सुर्खेत** | ५३ | १० | १ | ७५ | १३९ |
| **जम्मा** | २०३ | २१ | ३ | २३२ | ४५९ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### क) वित्तीय पहुँचको अवस्था

### अ) शाखारहित बैंकिङ्ग

आ.व २०७९/८० को पुस मसान्तको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा ४१ वटा शाखारहित बैंकिङ्ग सेवा रहेका छन् । यस्तो सेवा प्रवाहमा सुर्खेत जिल्ला सबैभन्दा अगाडि रहेको छ । यहाँ १५ वटा शाखारहित बैकिङ्ग सेवा रहेको देखिन्छ ।


दैलेखमा ८ वटा, सल्यानमा ५ वटा तथा रुकुम पश्चिम र कालिकोटमा ४/४ वटा शाखारहित बैंकिङ्ग सेवा रहेका छन् । त्यस्तै, हुम्ला र मुगुमा समान २/२ वटा तथा जाजरकोटमा १ वटा शाखारहित बैंकिङ्ग सेवा रहेको देखिन्छ । बाँकी दुई जिल्लाहरु डोल्पा र जुम्लामा भने यस्तो सेवा प्रवाह सुरु भएको छैन ।

**आ) ए.टि.एम.**

कर्णाली प्रदेशमा वित्तीय सेवा तथा सुविधाहरु अझैपनि पर्याप्त मात्रामा नरहेको कुरा यहाँ भएका ए.टि.एम. संख्याले पनि प्रष्ट पार्दछ । २०७९ पुस मसान्तको तथ्याङ्कलाई दृष्टिगत गर्दा डोल्पा जिल्लामा कुनै पनि बैंकको ए.टि.एम. रहेको छैन ।

२०७९ पुस मसान्तको तथ्याङ्क अनुसार हुम्ला र मुगुमा समान २/२ वटा ए.टि.एम. रहेका छन् । कालिकोटमा ५ वटा, जाजरकोटमा ६ वटा तथा जुम्लामा ९ र दैलेखमा १० वटा ए.टि.एम. रहेका छन् । त्यस्तै, रुकुम पश्चिम, सल्यान र सुर्खेतमा क्रमश: ११ वटा, १२ वटा र ३६ वटा ए.टि.एम.रहेका छन् । यसरी हेर्दा, कर्णाली प्रदेशमा जम्मा ९३ वटा मात्र ए.टि.एम. रहेको देखिन्छ । कर्णाली प्रदेशका सबै जिल्ला तथा क्षेत्रमा विद्युत् आपुर्ती साथै ईन्टरनेट पहुँच पुगि नसकेको हुँदा ए.टि.एम.लाई सोलार उर्जाले धान्न गाह्रो हुने तथा ए.टि.एम.बिग्रेको अवस्थामा समयमा मर्मत सम्भार हुन नसक्दा बैंकको प्रतिष्ठामा ह्रास आउने डरले बैंकहरु ए.टि.एम.बुथका लागि अग्रसर नभएको देखिन्छ ।

**रेखाचित्र ५.२ : एटिएम बुथ संख्या**
**(जिल्लागत)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

**इ) डेबिट कार्ड, क्रेडिट कार्ड र प्रिपेड कार्ड**

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा कर्णाली प्रदेशमा जम्मा २,७१,५६४ डेबिट कार्ड प्रयोगकर्ता रहेका छन् । सबैभन्दा बढी सुर्खेतमा १,३३,०९९ र सबैभन्दा कम डोल्पा जिल्लामा ३,५८३ डेबिट कार्ड प्रयोगकर्ता रहेका छन् । त्यस्तै, २०७९ पुस मसान्तमा यस प्रदेशभर जम्मा २,६८९ जना क्रेडिट कार्ड प्रयोगकर्ता रहेको देखिन्छ । सबैभन्दा बढी क्रेडिट कार्ड प्रयोगकर्ता सुर्खेत जिल्लामा १,८४२ जना र सबैभन्दा कम हुम्ला जिल्लामा ११ जना रहेका छन् । त्यसैगरी समीक्षा अवधिमा यस प्रदेशमा जम्मा १७९ प्रिपेड कार्ड प्रयोगकर्ता रहेको देखिन्छ ।

**ई) मोबाईल बैंकिङ्ग र ईन्टरनेट बैंकिङ्ग**


२०७९ पुस मसान्तमा कर्णाली प्रदेशमा ६,२६,५५४ जना मोबाईल बैंकिङ्ग प्रयोगकर्ता रहेका छन् । सबैभन्दा बढी अर्थात् २,४९,३५९ मोवाईल बैंकिङ्ग प्रयोगकर्ता सुर्खेतमा र सबैभन्दा कम प्रयोगकर्ता डोल्पा जिल्लामा १४,८४७ जना रहेका छन् ।

त्यस्तै, २०७९ पुस मसान्तमा यस प्रदेशमा जम्मा १३,२५७ जना ईन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता रहेका छन्। जसमा सबैभन्दा बढी ८,८९१ ईन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सुर्खेतमा र सबैभन्दा कम प्रयोगकर्ता हुम्ला जिल्लामा १२६ जना रहेका छन्।

### ख) निक्षेप तथा कर्जाको स्थिति

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप, गत आर्थिक वर्षको सोही अवधिको निक्षेपको तुलनामा २६.९४ प्रतिशतले वृद्धि भई रु.६२ अर्ब ५९ करोड २५ लाख पुगेको छ। गत अवधिमा यस्तो निक्षेप १३.५३ प्रतिशतले वृद्धि भई रु.४९ अर्ब ३० करोड ८० लाख पुगेको थियो। समीक्षा अवधिमा कर्णाली प्रदेशमा बढेको रेमिट्यान्स आप्रवाह, बैंकिङ्ग सेवामा आएको बिस्तार तथा सर्वसाधारणको बचत गर्ने बानीमा आएको विकासले कुल निक्षेपमा वृद्धि भएको देखिन्छ।


**रेखाचित्र ५.३ : कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति**
**(रु. दश लाख)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा ११.३५ प्रतिशतले बढेर रु.५९ अर्ब ५० करोड ९७ लाख पुगेको छ। गत अवधिमा यस्तो कर्जा २७.८४ प्रतिशतले बढेर रु.५३ अर्ब ४४ करोड ६० लाख पुगेको थियो। त्यस्तै, आ.व. २०७९/८० को साउन देखि पुस मसान्तमा यस प्रदेशको कर्जा तथा निक्षेप अनुपात ९५.०६ प्रतिशत रहेको छ। उक्त अनुपात गत अवधिमा ११३.०७ प्रतिशत रहेको थियो।


**रेखाचित्र ५.४ : कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात**
**(प्रतिशत)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

आ. व. २०७९/८० को पुस मसान्तको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा संकलित निक्षेप तथा प्रवाहित कर्जाको विश्लेषण गर्दा सुर्खेत जिल्ला सबैभन्दा अगाडि देखिन्छ । यस जिल्लामा समीक्षा अवधिमा रु.२२ अर्ब ११ करोड ४० लाख निक्षेप संकलन भएको छ भने, सोही अवधिमा रु.३६ अर्ब ४ करोड ३९ लाख कर्जा प्रवाहित भएको छ । त्यस्तै सबैभन्दा कम निक्षेप संकलन मुगु जिल्लामा रु.१ अर्ब ७६ करोड भएको छ भने डोल्पा जिल्लामा सबैभन्दा कम रु.५१ करोड ५९ लाख कर्जा प्रवाह भएको छ ।

**रेखाचित्र ५.५ : निक्षेप तथा कर्जाको जिल्लागत स्थिति**
**(रु. दश लाख)**





*स्रोतः आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक*

**ग) अन्य वित्तीय विवरण**

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा कर्णाली प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा संकलित कुल निक्षेपमध्ये सबैभन्दा धेरै बचत निक्षेपको अंश ४१.२६ प्रतिशत रहेको छ । त्यसैगरी चल्ती, मुद्दती र अन्य निक्षेपले क्रमशः २८.७७ प्रतिशत, २४.९२ प्रतिशत र ५.०५ प्रतिशत हिस्सा ओगटेका छन् ।

**रेखाचित्र ५.६ : समीक्षा अवधिमा कुल निक्षेपको संरचना**
**(प्रतिशत)**




*स्रोतः नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा यस प्रदेशमा निक्षेपकर्ताको संख्या २१.४६ प्रतिशतले वृद्धि भएर १७,९१,२२७ पुगेको छ । गत अवधिमा यो संख्या ३७.४२ प्रतिशतले वृद्धि भई १४,७४,७७८ पुगेको थियो । २०७९ पुस मसान्तसम्म ऋणीहरुको संख्या ७.६४ प्रतिशतले वृद्धि भई ४९,६२८ पुगेको छ भने गत वर्षको सोहि अवधिमा यो संख्या २१.०३ प्रतिशतले वृद्धि भई ४६,१०६ पुगेको थियो ।

**बक्स १ : कर्णाली प्रदेशमा वाणिज्य बैंकका शाखा बिस्तार**

देशका सम्पूर्ण ७५३ वटा स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखाको उपस्थिति हुनुपर्ने नीति बमोजिम २०७९ पुस मसान्तसम्म कर्णाली प्रदेशका सबै ७९ स्थानीय तहहरुमा वाणिज्य बैंकको शाखा बिस्तार भएको छ ।

- २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा थप ८ वटा शाखा बिस्तार भई कर्णाली प्रदेशमा वाणिज्य बैंकहरुको शाखा संख्या २०३ पुगेको छ । जसमध्ये सबैभन्दा धेरै शाखा रुकुम पश्चिममा ४ वटा बिस्तार भएका छन् ।
- सुर्खेत, दैलेख, डोल्पा र कालिकोट जिल्लामा समान १/१ वटा वाणिज्य बैंकको शाखाहरु बिस्तार भएका छन् भने अन्य जिल्लाहरुमा वाणिज्य बैंकको शाखा बिस्तार भएका छैनन् ।
- समीक्षा अवधिसम्ममा सबैभन्दा धेरै ५३ वटा वाणिज्य बैंकको शाखा सुर्खेत जिल्लामा रहेका छन् भने सबैभन्दा कम ८ वटा शाखा मुगु जिल्लामा रहेका छन् ।
- कर्णाली प्रदेशमा रहेका वाणिज्य बैंकहरुमा २०७९ पुस मसान्तमा करिव १४०० जना कर्मचारीहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ ।


| जिल्ला | २०७८ पुस मसान्त | २०७९ पुस मसान्त | शाखा बिस्तार संख्या |
|---|---|---|---|
| **रुकुम पश्चिम** | १७ | २१ | ४ |
| **सल्यान** | २५ | २५ | ० |
| **सुर्खेत** | ५२ | ५३ | १ |
| **दैलेख** | २४ | २५ | १ |
| **जाजरकोट** | १३ | १३ | ० |
| **डोल्पा** | १२ | १३ | १ |
| **जुम्ला** | २१ | २१ | ० |
| **कालिकोट** | १४ | १५ | १ |
| **मुगु** | ८ | ८ | ० |
| **हुम्ला** | ९ | ९ | ० |
| **जम्मा** | **१९५** | **२०३** | **८** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

**घ) विपन्न वर्ग कर्जा, सहुलियतपूर्ण कर्जा**

समीक्षा अवधिमा कर्णाली प्रदेशमा प्रवाह भएको विपन्नवर्ग कर्जा अघिल्लो आर्थिक वर्षको तुलनामा २३.६० प्रतिशतले ह्रास आई रु.४ अर्ब ९० करोड ३५ लाख कायम भएको छ । गत अवधिमा सो कर्जा १.३४ प्रतिशतले ह्रास आई रु.६ अर्ब ४१ करोड ८० लाख कायम भएको थियो । आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा कर्णाली प्रदेशमा रु.२ अर्ब ८९ करोड सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ, जुन अघिल्लो आर्थिक वर्ष सोही अवधिको तुलनामा ४.२६ प्रतिशतले बढी हो ।

**रेखाचित्र ५.७ : सहुलियतपूर्ण कर्जा र विपन्नवर्ग कर्जाको विवरण**
**(रु. दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

**ङ) फण्ड ट्रान्सफर**

यस प्रदेशका प्रत्येक जिल्लाहरुमा एक-एक वटा गरी जम्मा १० वटा नोटकोषहरु रहेका छन् । आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्म यस प्रदेशका सबै नोट कोषहरुमा गरी जम्मा रु.३ अर्ब १० करोड फण्ड ट्रान्सफर भएको छ । यो अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भएको फण्ड ट्रान्सफरको तुलनामा ४३.५ प्रतिशतले कमी रहेको छ । त्यसैगरी आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा सबैभन्दा बढी सल्यान जिल्लामा रु.९० करोड (२८.९ प्रतिशत) र सबैभन्दा कम कालिकोट जिल्लामा २५ करोड (८.१ प्रतिशत) फण्ड ट्रान्सफर भएको छ । दैलेख र जुम्ला जिल्लामा क्रमश: २१.० प्रतिशत र १२.९ प्रतिशत फण्ड ट्रान्सफर भएको छ भने सुर्खेत, रुकुम पश्चिम र जाजरकोट जिल्लामा समान ९.७ प्रतिशत फण्ड ट्रान्सफर भएको छ । त्यस्तै, समिक्षा अवधिमा डोल्पा, हुम्ला र मुगु जिल्लामा फण्ड ट्रान्सफर भएको छैन ।

**रेखाचित्र ५.८ : कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था (प्रतिशत)**





*स्रोत: नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय*

## ५.४ यातायात तथा संचार

समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्यामा १०.०६ प्रतिशतले ह्रास आई १,२६९ कायम भएको छ । गत अवधिमा यो संख्यामा ४७.३९ प्रतिशतले ह्रास भई १,४११ कायम भएको थियो ।

**रेखाचित्र ५.९ : यातायातका साधनको संख्या**




*स्रोत: यातायात व्यवस्था कार्यालय, सुर्खेत*

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा मोटरसाईकलको संख्यामा १९.७८ प्रतिशतले वृद्धि भई १,०७२ पुगेको छ भने अन्य सवारी साधनको संख्यामा ६१.८२ प्रतिशतले ह्रास आई १९७ कायम भएको छ ।

समीक्षा अवधिमा यस प्रदेशमा नेपाल टेलिकमबाट वितरित टेलिफोनको संख्या १०६ प्रतिशतले बढेको छ । नेपाल टेलिकमबाट समीक्षा अवधिसम्ममा कर्णाली प्रदेशभित्र जम्मा १,०५,९८५ टेलिफोन वितरण गरिएको छ ।

## ५.५ शिक्षा तथा स्वास्थ्य

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा यस प्रदेशमा सरकारी तथा निजी विद्यालयको संख्या ३,५२२, विद्यार्थी संख्या ६,२१,७०० र शिक्षक संख्या १६,२१४ रहेको छ । गत अवधिको तुलनामा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा ४.०१ प्रतिशतले विद्यार्थी संख्या घटेको देखिन्छ भने निजी क्षेत्रका विद्यालयमा २२.२३ प्रतिशतले बढेको देखिन्छ ।

**तालिका ५.२ : सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था**


| विवरण | आ.व. २०७७/७८ (साउन-पुस) | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) |
|---|---|---|---|
| **विद्यालय संख्या** | ३,२६५ | ३,२८६ | ३,५२२ |
| **विद्यार्थी संख्या** | ६,२०,१५५ | ६,३३,७३९ | ६,२१,६६८ |
| **शिक्षक संख्या** | १५,९७३ | १६,३०० | १६,२१४ |

*स्रोत: शिक्षा सेवा निर्देशनालय र जिल्लास्थित शिक्षा सेवा कार्यालयहरु*

समीक्षा अवधिमा यस प्रदेशमा प्राविधिक शिक्षालयको संख्या, शिक्षकहरुको संख्या र विद्यार्थीको संख्या क्रमश: १,२०, ५४७ र १,८४५ रहेको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुको संख्या २,९६१ रहेको थियो ।

समीक्षा अवधिमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या र ती अस्पतालहरुमा रहेका शैयाहरुको संख्यामा क्रमश: ८.७० प्रतिशत र १.३२ प्रतिशतको वृद्धि भएको छ। त्यस्तै चिकित्सक हरुको संख्यामा २.२२ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तमा चिकित्सकको संख्यामा २१.६२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधि सम्ममा यस प्रदेशमा जम्मा २५ वटा सरकारी/सामुदायिक अस्पताल र ९२१ वटा शैयाहरु रहेका छन् ।

**रेखाचित्र ५.१० : सरकारी/सामुदायिक अस्पतालको संख्या (जिल्लागत)**





*स्रोत: स्वास्थ्य सेवा निर्देशनालय र जिल्लास्थित स्वास्थ्य सेवा कार्यालयहरु*

यस प्रदेशका १० जिल्लाहरुमध्ये कालिकोटमा ६, रुकुम पश्चिममा ५, र जाजरकोटमा ४ वटा सरकारी/सामुदायिक अस्पताल रहेका छन्। सुर्खेत, मुगु र दैलेखमा समान २/२ वटा र बाँकी जिल्लाहरुमा १/१ वटा सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन्। समीक्षा अवधिमा यस प्रदेशमा निजी अस्पतालको संख्या १४ रहेको छ। सुर्खेतमा ११, रुकुम पश्चिममा ३, निजी अस्पताल रहेका छन् भने प्रदेशका अन्य बाँकी ८ जिल्लामा कुनैपनि निजी अस्पताल सञ्चालनमा छैनन्।

## ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८१.८९ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ। समिक्षा अवधिमा, सेवा क्षेत्रमा प्रवाहित कर्जा ७.७४ प्रतिशतले वृद्धि भई रु.४८ अर्ब ७३ करोड ३० लाख पुगेको छ भने गत अवधिमा यस्तो कर्जा ४०.२२ प्रतिशतले वृद्धि भई रु.४५ अर्ब २३ करोड ३७ लाख पुगेको थियो।

**रेखाचित्र ५.११ : कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा**
**(रु. दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा कर्णाली प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा धेरै सुर्खेत जिल्लामा रु.३० अर्ब ३४ करोड (करिव ६२.२५ प्रतिशत) छ भने सबैभन्दा कम हुम्ला जिल्लामा रु.३७ करोड ५ लाख (करिव ०.७६ प्रतिशत) प्रवाह भएको छ।

समीक्षा अवधिमा सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा धेरै कर्जा थोक तथा खुद्रा विक्रेतातर्फ प्रवाहित भएको छ। २०७९ पुस मसान्तमा यस्तो कर्जा ११.१० प्रतिशतले वृद्धि भई रु.१९ अर्ब २४ करोड ८३ लाख पुगेको छ भने यस्तो कर्जाको हिस्सा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ३९.५० प्रतिशत रहेको छ। सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा कम रु.२५ करोड ४३ लाख स्वास्थ्य सेवा र अन्य सामाजिक कार्य शीर्षकमा प्रवाह भएको छ।

**रेखाचित्र ५.१२ : क्षेत्रगत सेवा कर्जा**
**(रु. दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.७ सहकारी क्षेत्र

कर्णाली प्रदेशका बचत तथा ऋण सहकारी संस्थाहरुको पुँजी, बचत, ऋण, सदस्य संख्या र ती संस्थाबाट सिर्जित रोजगारी संख्याको अवस्था विश्लेषण गर्न सुर्खेतबाट ३, रुकुम पश्चिमबाट ३, दैलेखबाट २, जुम्ला र कालिकोटबाट १/१ गरी जम्मा १० वटा सहकारी संस्थाहरुको नमुना छनौट गरी सोही नमुनाका आधारमा यस प्रदेशको समग्र सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन यहाँ प्रस्तुत गरिएको छ।

समीक्षा अवधिमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजी ५.०७ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पुँजी ५०.०९ प्रतिशतले बढेको थियो। त्यस्तै, आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तमा सहकारी संस्थाहरुको कुल बचत १६.०४ प्रतिशतले बृद्धि भएकोमा आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा ६.७९ प्रतिशतले बृद्धि भई रु.२६ अर्ब ४३ करोड २७ लाख पुगेको छ।

**रेखाचित्र ५.१३ : बचत तथा ऋण सहकारी संस्थाको अवस्था**
**(रु. दश लाख)**




*स्रोत: नमुना छनौटमा परेका सहकारी संस्थाहरु*

समीक्षा अवधिमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल ऋण प्रवाह करिब ९.८७ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ७३ करोड ६२ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा करिब २६.१५ प्रतिशतले बढेको थियो। सहकारी संस्थामा आवद्ध

सदस्य संख्यामा पनि समीक्षा अवधिमा वृद्धि भएको देखिन्छ । गत अवधिमा ४.०७ प्रतिशतले बढेको सदस्य संख्या समीक्षा अवधिमा १५.४९ प्रतिशतले वृद्धि भई १,००,३५८ पुगेको छ ।

समीक्षा अवधिमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा ७.४८ प्रतिशतले वृद्धि भएर ३४५ पुगेको छ । त्यस्तै, गत अवधिमा ३.५७ प्रतिशतले बढेको सहकारी संस्थाको शाखा संख्या समीक्षा अवधिमा ३.४५ प्रतिशतले वृद्धि भएर ३० पुगेको छ । कर्णाली प्रदेशमा सहकारी संस्थाहरुले बाणिज्य बैंक, राष्ट्रिय सहकारी बैंक, ग्रामिण लघुवित्त विकास केन्द्र जस्ता संस्थाहरुबाट बाह्य ऋणको प्रयोग गर्ने गरेकोले कुल पुँजी र कुल बचतको तुलनामा अधिक मात्रामा कर्जा प्रवाह भएको देखिन्छ ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### क) सेवा क्षेत्रको चुनौती

- भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत् लगायतका पूर्वाधारहरुको तिब्र विकास गर्नु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विकास मार्फत पर्यटन क्षेत्रको योगदान बढाउँदै जानु ।
- पर्याप्त स्वास्थ्य पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु ।
- पर्यटन व्यवसायको प्रचूर सम्भावना बोकेको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात लगायतका पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार मार्फत आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्नु ।
- अन्य प्रदेशको तुलनामा वित्तीय पहुँच न्यून भएको यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बिस्तार गरी वित्तीय साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु ।
- प्रदेशको भौगोलिक विकटताका कारण आवश्यक शिक्षण संस्थाहरु र तालिम प्राप्त अनुभवि शिक्षकहरुको अभाव रहेकोले आवश्यक शिक्षण संस्थाहरुको स्थापना तथा अनुभवि शिक्षकहरुलाई विभिन्न प्रोत्साहन मार्फत आकर्षण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

### ख) सेवा क्षेत्रको सम्भावना

- यस प्रदेशमा रारा, शे-फोक्सुण्डो, कुभिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेविहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी र कैलाश मानसरोवर लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मीक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेटको न्यून पहुँच भएको अवस्थामा इन्टरनेटको बिस्तारको उच्च सम्भावना रहेको छ । त्यस्तै, सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार भई आय तथा रोजगारी बढ्ने सम्भावना रहेको ।
- बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले घरेलु, साना तथा मझौला उद्योगहरुको विकास हुने क्रम बढ्दो रहेकोले सो क्षेत्रमा कर्जा बिस्तारको सम्भावना उच्च रहेको ।

# परिच्छेद ६
# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

**क) सडक**

कर्णाली प्रदेशमा अधिकांश सडकहरु कच्ची सडक र ग्राभेल रहेका छन् । सञ्चालनमा रहेका सडकहरुको आवश्यक मर्मत-संभार, सुधार तथा पुनर्स्थापना गरी सडक यातायातलाई थप भरपर्दो र सुरक्षित बनाउन आवश्यक रहेको छ ।

डोल्पा, मुगु र हुम्ला जिल्लामा भने कच्ची सडक मात्र बिस्तार भएको देखिन्छ । हिमाली क्षेत्रका अधिकांश जिल्लाहरुमा सडकहरु कालोपत्रे हुन सकेको छैन् । कर्णाली प्रदेश अन्य प्रदेश भन्दा ठूलो र भौगोलिक रुपमा विकट रहेकाले यहाँ सडक तथा अन्य पूर्वाधारको विकास र बिस्तारमा अपेक्षित रुपमा प्रगति भएको देखिँदैन ।

**अ) मध्यपहाडी लोकमार्ग**

मध्यपहाडी लोकमार्ग, आयोजना प्रतिवेदन २०११ अनुसार यो सडकमार्ग पहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्ज्याङ्ग देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाटसम्म १,७७६ कि.मि.लामो रहेको छ । कर्णाली प्रदेशका ३ जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेखलाई समेटेको यस सडक मार्गको करिब २३० कि.मि. सडक खण्ड यस प्रदेश भित्र पर्दछ जसमा मुसिकोट-चौरजहारी ४३ कि.मि., चौरजहारी-दैलेख १०३ कि.मि., दैलेख-दुल्लु-लैनचौर ३९ कि.मि. र लैनचौर-सात्तला-साईखोला ४५ कि.मि. सडक खण्ड रहेको छ ।

**आ) कर्णाली राजमार्ग**

कर्णाली प्रदेशको राजधानी सुर्खेत देखि दैलेख र कालिकोट हुँदै जुम्लासम्मको २३२ कि.मि. सडक खण्डलाई कर्णाली राजमार्ग भनिन्छ । वि.सं. २०५० सालमा शिलान्यास गरी निर्माण कार्यको थालनी गरिएको यो राजमार्ग २०६५ सालमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ । कर्णाली नदिको किनारै किनार भएर जाने यो राजमार्गमा पर्याप्त मात्रामा सडक मापदण्डहरुको विकास नहुँदा बारम्बार सडक दुर्घटना हुने गरेकोले यस प्रदेशको विकासको सम्वाहकको रुपमा रहेको यो राजमार्गको यथाशीघ्र विकास तथा स्तरोन्नति गर्नुपर्ने देखिन्छ ।

**इ) कर्णाली करिडोर**

यो सडकखण्ड कालिकोट जिल्लाको खुलालु देखि सुरुभई हुम्ला जिल्लाको सलिसल्लासम्म करिब १२३ किलोमिटर रहेको छ । कर्णाली प्रदेशलाई भारत तथा चीनसँग जोड्ने सडकको रुपमा भारतको रुपैडिहा नाकालाई हिल्सा हुँदै तिब्बतसम्म जोड्ने उद्देश्यले कर्णाली करिडोरको निर्माण गरिएको हो । कुल लागत रु.१ अर्ब ६५ करोड रहेको यो सडक नेपाली सेनाले आठ वर्ष लगाएर निर्माण सम्पन्न गरी आ.व. २०७७/०७८ को अन्त्यतिर नेपाल सरकार, सडक विभागलाई हस्तान्तरण गरेको थियो । भौगोलिक विकटताको कारण राष्ट्रिय राजमार्गसँग जोडिन नसकेको हुम्ला जिल्ला यस करिडोरको निर्माण पश्चात् राष्ट्रिय सडक सञ्जालसँग आवद्ध भएको छ । कालिकोट तथा बाजुरा जिल्लामा समान ४४ किलोमिटर र हुम्ला जिल्लामा ३५ कि.मि. रहेको यस सडक खण्डले कर्णाली तथा सुदुरपश्चिम प्रदेशमा सकारात्मक आर्थिक प्रभाव पार्ने देखिन्छ । यद्यपि यस सडकमा कालोपत्रे तथा अन्य स्तरोन्नतिको कार्य अपेक्षाकृत रुपमा हुन नसकेकोले सवारी साधन आवागमनमा कठिनाई भइरहेको देखिन्छ ।

सडक पूर्वाधारको कमी तथा भौगोलिक अवस्थाले गर्दा यातायातको पहुँचको रुपमा हवाई सेवाको भूमिका यस प्रदेशमा महत्वपूर्ण रहेको छ । यद्यपि, प्रतिकुल मौसम तथा विमानस्थलहरुको समय सापेक्ष बिस्तार एवम् स्तरोन्नति हुन सकेको छैन ।

**ख) विद्युत**

कर्णाली प्रदेश क्षेत्रफलको हिसाबले अन्य प्रदेशभन्दा ठूलो तथा भौगोलिक रुपमा विकट भएकोले यहाँका हरेक घर तथा वस्तीमा बिजुलीको सुविधा पुर्याउनु आफैमा चुनौतीपूर्ण रहेको छ । गत अवधिमा ७,९१३ कि.मि.रहेको विद्युत प्रसारण लाईन समीक्षा अवधिमा ३३४ कि.मि. थप भई ८,२४७ कि.मी. पुगेको छ । समीक्षा अवधिमा २.०२ मेगावाट विद्युत उत्पादन थप भई जम्मा उत्पादन १३.०२ मेगावट पुगेको छ ।

नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदन आ. व. २०७८/७९ अनुसार यस प्रदेशमा हालसम्म कुनैपनि ठूला जलविद्युत आयोजनाहरु सञ्चालनमा नरहेतापनि दैलेख जिल्लामा हाल २.१५ मेगावाट क्षमताको माथिल्लो पराजुली खोला, ४.२ मेगावाट क्षमताको लोहोरे खोला र ४ मेगावाट क्षमताको माथिल्लो लोहोरे खोला आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै कालिकोट जिल्लामा १२ मेगावाट क्षमताको रुरुबन्चु खोला-२ जलविद्युत आयोजनाको निर्माण कार्य भईरहेको छ । यी बाहेक कर्णाली प्रदेशमा ८२.३ मेगावाट क्षमताको जगदुल्ला-ए, १,९०२ मेगावाट क्षमताको मुगु कर्णाली, १३५ मेगावाट क्षमताको चेरा-१, ४८० मेगावाट क्षमताको फुकोट कर्णाली लगायतका अन्य जलविद्युत परियोजनाहरु अध्ययनको क्रममा रहेका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### क) पूर्वाधार क्षेत्रको चुनौती

- कठिन भू-बनोटको कारणले अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुनर्निर्माण कार्यहरुको लागत अत्याधिक हुनु ।
- यस प्रदेशमा रहेका विमानस्थलहरुको विकास, बिस्तार तथा उचित व्यवस्थापन गरी सुरक्षित तथा भरपर्दो बनाउनु ।
- कठिन भू-बनोटले सडक बिस्तारको सम्भावना कम भएका क्षेत्रहरुमा यातायातका वैकल्पिक माध्यमहरुको विकास गर्नु ।
- यस प्रदेशमा सिँचाईमा नयाँ प्रविधिको प्रयोग गर्नु, ठुला सिँचाई आयोजना संचालन गर्नका लागि आवश्यक लगानी जुटाउनु ।
- यस प्रदेशको अधिकांश घरधुरीमा खाना पकाउने प्रयोजनका लागि प्रयोग हुने परम्परागत उर्जाको स्रोतलाई वैकल्पिक उर्जाले प्रतिस्थापन गर्नु ।
- संघ, प्रदेश र स्थानीय निकायबीच आपसी समन्वय गरी सडक मार्ग बिस्तार, जलविद्युत उत्पादन तथा प्रसारण र विमानस्थल लगायतका पूर्वाधारको विकास गर्नु ।
- यस प्रदेशका सबै जिल्लाहरुमा प्रदेश राजधानी सुर्खेतबाट सहज, सुलभ तथा गुणस्तरिय सडक र हवाई सञ्जालको विकास गर्नु ।
- यस प्रदेशमा रहेका जलाधारहरुको अधिकतम उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडि बढाउनु ।
- भौगोलिक रुपमा अति विकट यस प्रदेशमा प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुको साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुने गरेको ।

### ख) पूर्वाधार क्षेत्रको सम्भावना

- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादनका साथै सिँचाई सुविधाको बिस्तार गर्न सकिने सम्भावना उच्च रहेको ।
- कठिन भू-बनोटले सडक बिस्तारको सम्भावना कम भएका क्षेत्रमा सुरुङ्ग मार्ग, केबलकारको प्रयोगको सम्भावना रहेको ।

- यस प्रदेशमा प्राकृतिक सुन्दरताले भरिपूर्ण भौगोलिक बनावट तथा रारा, शे-फोक्सुण्डो लगायतका अनुपम प्राकृतिक सम्पदा रहेकोले आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना उच्च रहेको ।
- कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको प्रचुर सम्भावना रहेको ।
- प्रदेशभित्र बनपैदावर तथा जडिबुटीजन्य वस्तुहरुका उत्पादनको प्रचुर सम्भावना भएकोले त्यस्ता वस्तुहरुलाई प्रशोधनगरी औषधिजन्य वस्तुको रुपमा उत्पादन तथा बिक्री वितरण गर्न सकिने अवसर रहेको ।
- पूर्वाधार लगानीमा द्विपक्षीय तथा बहुपक्षिय विकास साझेदारहरुको सहयोगमा पूर्वाधार क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको ।
- कर्णाली करिडोर, कर्णाली लोकमार्ग, भेरी करिडोर, राप्ती लोकमार्ग, थारमारे-चौरजहारी-जुम्ला (शहिद कामी बुढा मार्ग), धो-मरिम-दुनै-पातारासी-रारा-लिमी (कैलाश मानसरोवर दर्शन क्षेत्र) हुँदै मुक्तिनाथ जोड्ने सडक विकास योजना तयार गरी क्रमशः कार्यान्वयन गर्ने प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित योजनालाई पूर्वाधार क्षेत्रको सम्भावनाको रुपमा लिन सकिने ।

## ६.३ रोजगारी

### क) वैदेशिक रोजगारी

कर्णाली प्रदेशमा अधिकांश व्यक्तिहरु वैदेशिक रोजगारीका लागि भारततिर जाने गरेको पाइन्छ । वैदेशिक रोजगार विभागले प्रकाशन गरेको Nepal Labour Migration Report 2022 (सन् २०२१-२०२२ अवधि) अनुसार कर्णाली प्रदेशबाट वैदेशिक रोजगारका लागि भारत बाहेक तेस्रो मुलुक जान नयाँ श्रम स्वीकृति लिनेको संख्या १३,४२६ जना रहेको छ । सोही प्रतिवेदन अनुसार वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरुको संख्या १७,३९८ रहेको छ । वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरु मध्ये अधिकांश पुनःश्रम स्वीकृति लिने गरेका छन् भने केहीले वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गरी स्वरोजगार कार्यमा संलग्न रहेको पाइन्छ ।

### ख) आन्तरिक रोजगारी

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को अन्तिम प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा रहेको १,५३,७४६ सूचीकृत बेरोजगार जनसंख्यालाई रोजगारीको अवसर प्रदान गरी निरपेक्ष गरिबीको दरलाई घटाउदै सामाजिक न्याय र आर्थिक रुपान्तरण गर्ने उद्देश्य अनुरुप कर्णाली प्रदेशमा रहेका जम्मा ७९ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी कार्यान्वयनमा ल्याईएको छ ।

**तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण**

| स्थानीय तहको संख्या | कार्यक्रम सञ्चालन भएका स्थानीय तह संख्या | स्वीकृत आयोजना संख्या | सञ्चालित आयोजना संख्या | रोजगारी प्रदान गरिएका व्यक्तिहरुको सख्या | रोजगारी प्रदान गरिएको औषत दिन | जम्मा रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| ७९ | ७५ | २,७०९ | २,६४५ | ३५,१६२ | ७५ | २६,२७,५१७ |

*स्रोतः प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

समीक्षा अवधिमा यस कार्यक्रम अन्तर्गत २,७०९ वटा स्वीकृत आयोजनाहरु मध्ये २,६४५ आयोजनाहरु सञ्चालन रहेका छन् भने जम्मा ३५,१६२ जनाले रोजगारीको अवसर प्राप्त गरेका छन् (तालिका ६.१) । प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रतिवेदन आ.व. २०७८/७९ अनुसार कर्णाली प्रदेशको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु.२ अर्ब, ३ करोड, २२ लाख बजेट विनियोजित भएकोमा रु.१ अर्ब ६७ करोड ३६ लाख बजेट खर्च भएको थियो ।

त्यस्तै, आर्थिक वर्ष २०७५/७६ देखि कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीय स्तरमा रोजगारी सृजना गर्न, आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न र सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न

गराई गरिबी निवारणमा योगदान पुर्याउन कर्णाली प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिरहेको छ । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जम्मा १,०५५ वटा आयोजना सञ्चालनमा ल्याएको कर्णाली प्रदेशले केहि हदसम्म रोजगारी सिर्जना गरेको अनुमान गर्न सकिन्छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेशका अनुसार यस कार्यक्रम मार्फत सबैभन्दा बढी, सुर्खेत जिल्लामा १५४ वटा आयोजना सञ्चालनमा रहेका छन् । त्यस्तै, सबैभन्दा कम आयोजना मुगु जिल्लामा ६५ वटा रहेका छन् ।

सल्यान, दैलेख, रुकुम पश्चिम र कालिकोटमा क्रमशः १५० वटा, १२२ वटा, ११० वटा र १०६ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन् । त्यस्तै, जाजरकोटमा १०५ वटा, जुम्लामा ९६ वटा, हुम्लामा ७७ वटा र डोल्पामा ७० वटा आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

## ६.४ रोजगारीको चुनौती र सम्भावना

### क) रोजगारीको चुनौती

- यस प्रदेशको जनसंख्याको ठूलो हिस्सा रहेको युवा जनशक्तिलाई आवश्यक व्यवहारीक सीप तथा क्षमता विकास तालिम केन्द्रको स्थापना गरी दक्ष जनशक्ति उत्पादन गर्नु ।
- यस प्रदेशमा रहेका दक्ष जनशक्तिलाई सिप, क्षमता र दक्षता अनुसारको रोजगारी सिर्जना गरी अधिकतम परिचालन गर्नु ।
- प्रदेशभित्र उर्जामुलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र बिस्तार गरी उच्च रोजगारी सिर्जना गर्नु ।
- यस प्रदेशबाट भारत लगायत अन्य मुलुकमा बैदेशिक रोजगारीको लागि विदेश जानेको संख्या ठूलो मात्रामा रहको छ । उक्त जनसंख्यालाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेशिनबाट रोक्नु ।
- कर्णाली प्रदेशको प्रमुख समस्याको रुपमा रहेको गरिबी अन्त्यका लागि संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा रोजगारी सिर्जना गरी आर्थिक असमानता न्यूनिकरण गर्दै सामाजिक न्याय कायम गर्नु ।

### ख) रोजगारीको सम्भावना

- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादन गर्न सकिने देखिन्छ ।
- यस प्रदेशमा रहेका रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेबिहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी ज्वाला क्षेत्र लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपले महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गरी प्रर्याप्त मात्रामा आय तथा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ ।
- यस प्रदेशमा कृषि तथा जडीबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा व्यावसायिक सिप तथा क्षमता विकासका तालिम केन्द्रहरु स्थापना गरी जनसंख्याको ठूलो हिस्सा ओगटेको युवा जनशक्तिलाई सिप तथा तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।
- गरिबी निवारण र रोजगारी सिर्जना कर्णाली प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेकोले सरकारका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत आर्थिक सामाजिक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ७
# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

जापानको अन्तर्राष्ट्रिय सहयोग संस्था JICA द्वारा सन् १९९८ र १९९९ मा गरिएको सम्भाव्यता अध्ययन अनुसार भेरी नदीको पानी बबई नदीमा खसाली जलविद्युत उत्पादन गर्न सम्भव हुने देखिएको थियो । हिमनदी स्रोत भएका नेपालका नदिहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गरी विकसित सिँचाई प्रणालीमार्फत कृषि उत्पादनलाई बढाउने र मुलुकमा खाद्य संकटको अवस्था आउन नदिने उद्देश्य अनुरुप नेपालमा सिँचाई विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको रुपमा आ.व. २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा यो आयोजना स्थापना गरिएको थियो । एउटै परियोजनाबाट एउटा नदिलाई अर्को नदिमा खसाली सिँचाई, जलविद्युत उत्पादन, तथा भेरी नदिको पानी तानी परियोजना प्रभावित क्षेत्रमा सिँचाई गर्ने ३ वटा उद्देश्यहरु लिएको हुँदा यसलाई कर्णाली प्रदेशको एक प्रतिष्ठित बहूउद्देश्यीय आयोजनाको रुपमा हेरिएको छ ।

संशोधित समय तालिका अनुसार आ.व. २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । जसमा भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख रहेको छ । सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीमा करिव ११४ मिटर लामो व्यारेज सहित ४.४ मिटर व्यास र १२.२ कि. मि. लामो सुरुङ्गमार्फत ४० घनमिटर प्रतिसेकेण्ड पानी बबई नदीमा खसालिने छ र नियमित रुपमा २ ओटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । यसरी हेर्दा वार्षिक करिव ४०० गिगावाट आवर विद्युत उत्पादन गरिने लक्ष्य रहेको देखिन्छ । साथै, आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिव ५१ हजार हेक्टर भुमिमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ ।

आ.व. २०७४/०७५ को मूल्य निर्धारण अनुसार वार्षिक रु.७ अर्ब १३ करोड रुपैयाँ आम्दानी गर्न सक्ने क्षमताको यस आयोजनाबाट आयोजना प्रभावित क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु संचालन गरी आयोजना क्षेत्रको बासिन्दाहरुको सामाजिक तथा आर्थिक स्तरोन्नति हुने अनुमान छ । वि.सं.२०७४ कार्तिक २० बाट TBM Technology प्रयोग गरी सुरु गरिएको १२.२ कि.मि. लामो सुरुङ्ग निर्माण कार्यको Breakthrough २०७६ बैशाख ३ गते सम्पन्न भएको थियो ।

**तालिका ७.१ : आ.व. २०७९/८० को चैत्र मसान्त सम्मको वित्तीय तथा भौतिक प्रगती**

| कार्यको विवरण | वार्षिक बजेट (रु. करोडमा) | चैत्रमसान्तसम्मको खर्च (रु. करोडमा) | वित्तीय प्रगति (प्रतिशतमा) | भौतिक प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|
| **भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना** | १९४.९१ | ४.८८ | २५.०५ | ५८.४६ |
| **भेरी करिडोर सिँचाई विकास आयोजना** | ३.० | १.५५ | ५१.६९ | ९०.४६ |
| **जम्मा** | १९७.९१ | ६.४३ | २८.६ | |
| **चालु** | ०.२८ | ०.१८ | | |
| **कुल जम्मा** | १९८.१९ | ६.६१ | २९.९२ | ६२.७ |

*स्रोत: भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना ।*

## ७.२ प्रादेशिक सरकारी वित्त

आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्म कर्णाली प्रदेशको कर राजस्व ६.०९ प्रतिशतले तथा गैर कर राजस्व ३.२७ प्रतिशतले वृद्धि भई क्रमशः रु.१२ करोड ५५ लाख र रु.१८ करोड ६३ लाख गरी जम्मा रु.३१ करोड १८ लाख राजस्व संकलन भएको छ ।


**तालिका ७.२ : कर्णाली प्रदेश सरकारको सरकारी वित्त स्थिती**
**(रु. करोडमा)**

| शिर्षक | उप-शिर्षक | आ.व. २०७७/७८ (साउन-पुष) | आ.व. २०७८/७९ (साउन-पुष | आ.व. २०७९/८० (साउन-पुष) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षाअवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| खर्च | चालु खर्च | १७१.१३ | २१३.९३ | २४८.८० | २५.०१ | १६.३० |
| | पूँजीगत खर्च | १११.९४ | १३४.१८ | १७६.६२ | १९.८७ | ३१.६३ |
| राजस्व | कर राजस्व | २८७.७० | ११.८३ | १२.५५ | -९५.८९ | ६.०९ |
| | गैर कर राजस्व | | १८.०४ | १८.६३ | ० | ३.२७ |
| अनुदान | समानीकरण | २४०.८२ | ५०७.१० | ५३६.३१ | ११०.५७ | ५.७६ |
| | सशर्त | १२७.३९ | ५९.०७ | ० | -५३.६३ | -१०० |
| | विशेष | | २० | ० | ० | -१०० |
| | समपुरक | | ४० | ० | ० | -१०० |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

समिक्षा अवधिमा नेपाल सरकारबाट कर्णाली प्रदेश सरकारले समानीकरण तर्फ रु.५ अर्व ३६ करोड ३१ लाख अनुदान प्राप्त गरेको छ भने सशर्त, विशेष र समपुरक तर्फ अनुदान प्राप्त भएको छैन ।

**रेखाचित्र ७.१ : कर्णाली प्रदेशको चालू तथा पुँजीगत खर्च विवरण**
**(रु. करोडमा)**




*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत*

समीक्षा अवधिमा चालु खर्च शिर्षकमा रु.२ अर्व ४८ करोड ८० लाख खर्च भएको छ भने गत अवधिमा रु.२ अर्व १३ करोड ९३ लाख खर्च भएको थियो । गत अवधिमा पुँजीगत खर्चतर्फ रु.१ अर्व ३४ करोड १८ लाख रकम खर्च भएकोमा समीक्षा अवधिमा भने ३१.६३ प्रतिशतले वृद्धि भई रु.१ अर्व ७६ करोड ६२ लाख पुगेको छ ।

# परिच्छेद ८
# आर्थिक परिदृष्य

समीक्षा अवधिमा नेपालको अर्थतन्त्रको वास्तविक अवस्था चित्रण गर्ने क्षेत्रहरु अन्तर्गत कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका क्षेत्रहरु केही चलायमान भएका छन् । सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुसँग गरिएको सर्वेक्षण तथा अन्तरक्रियाका आधारमा आगामी अवधिको यस प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको परिदृश्य यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

- कर्णाली प्रदेशका विभिन्न जिल्लामा सिँचाई आयोजना तथा कृषिजन्य बीउविजन अनुदानका कार्यक्रमहरु स्वीकृत भएकोले यस प्रदेशको समग्र कृषि उत्पादनमा सुधार हुने देखिएतापनि जलवायु परिवर्तनको असर स्वरुप यस वर्षको मध्यावधि तिर देखापरेको बेमौसमी वर्षातका कारण मुख्य कृषि बालीको उत्पादनमा गिरावट आउने देखिन्छ ।
- कर्णाली प्रदेश सरकारबाट दुध संकलन तथा व्यवसायिक फार्महरुको सञ्चालन, सरकारले कृषि बाली तथा पशु बीमाको प्रिमियममा प्रदान गरेको अनुदान, बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आइरहेको सहुलियतपूर्ण कर्जाको निरन्तरता तथा दुध उत्पादन गरी संस्थागत बिक्री गर्ने कृषकहरुलाई दुध उत्पादनमा अनुदानको व्यवस्थाका कारणले दुध उत्पादन आगामी वर्षमा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- प्रदेशबाट एक स्थानीय तहमा ३ माछापालन सँग सम्बन्धित परियोजना लागु हुने भएको हुँदा माछा पोखरी निर्माण भई माछा पालन वृद्धि हुने अनुमान गर्न सकिन्छ । कृषि अनुदान, पकेट क्षेत्र निर्माण, बिस्तार तथा बजारीकरण आदि सुविधा ग्रामीण क्षेत्रमा पनि बिस्तार हुँदै गएकोले आगामी वर्षमा पशुपन्छी, माछा तथा नगदेबालीको उत्पादन बढ्ने देखिन्छ ।
- कर्णाली प्रदेशका विभिन्न जिल्लामा बाखा तथा भेडापालनमा सहुलियतपूर्ण कार्यक्रमहरु सञ्चालन, पशु बीमाको प्रिमियममा सहुलियत प्रदान गरिने तथा स्थानीय कृषकहरु कुखुरा पकेट बिस्तार र कुखुरा पालनमा कृषकहरुको स्व-लगानी वृद्धि भई दाना उद्योग समेत स्थापना हुँदै गएकाले मासु, अण्डा र ऊन उत्पादन आगामी वर्षमा बढ्ने अनुमान गरिएको छ ।
- वन क्षेत्रको काठ कटान खुल्ने कार्यहरुमा वन नियमावली २०७९, जारी भएको सन्दर्भमा काठ, दाउरा संकलनको लागत मुल्यांकनमा नयाँ व्यवस्था लागु भएको, संकलन अवधिको म्यादमा परिवर्तन भएको, एवम् जडीबुटी खेती बिस्तार कार्यक्रमहरु लागु हुने भएको हुँदा काठ, दाउरा र जडीबुटी उत्पादनमा वृद्धि हुने प्रक्षेपण गर्न सकिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ का कारण सबैभन्दा बढी मारमा परेका क्षेत्रहरुलाई उकास्न प्रदान गरिएका विभिन्न छुट, सुविधामा भएको कटौती, लगानीयोग्य तरलतामा परेको दवावको कारण औद्योगिक क्षेत्रमा केहि नकारात्मक असर पर्ने देखिन्छ । यद्यपि औद्योगिक क्षेत्रलाई मध्यनजर गरेर बजेटमा उद्योगको विकास र बिस्तारका लागि केही कार्यक्रमहरु ल्याइएकोले यस प्रदेशको समग्र औद्योगिक उत्पादन आगामी वर्षमा बढ्ने देखिन्छ ।
- कृषि, वन तथा पेय पदार्थजन्य उत्पादनमा दिइने औद्योगिक कर्जामा भएको वृद्धिसँगै यस सम्बन्धी उत्पादन बढ्ने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

- समीक्षा अवधिको सुरुवाती चरणबाट नै पर्यटन क्षेत्र सुधारोन्मुख देखिएको तथा पर्यटकस्तरिय होटलहरुको स्थापना, नयाँ-नयाँ पर्यटन क्षेत्रको पहिचान हुँदै गएकाले होटल तथा पर्यटन क्षेत्रको वृद्धिमा वढोत्तरी हुने अनुमान छ ।
- समीक्षा अवधिमा घर जग्गाको कित्ताकाट बन्दसंगै घरजग्गाको राजस्वमा आएको उच्च गिरावट, घर जग्गाको कित्ताकाट खुलेसंगै आगामी दिनमा सुधार हुने देखिन्छ । वित्तीय सेवा, शिक्षा, यातायात तथा सञ्चारमा देखापरेका समस्या बिस्तारै समाधान हुँदै गएकाले आगामी वर्षमा यस प्रदेशको सेवा क्षेत्रमा सकारात्मक सुधारको अपेक्षा गरिएको छ ।
- ग्रामीण क्षेत्रमा टेलिफोन, मोबाईल सुविधाका लागि टावरहरुको जडान तथा ईन्टरनेट सुविधाका लागि पूर्वाधार निर्माण द्रुततर रुपमा अघि बढेकाले सञ्चार क्षेत्रमा सुधार हुने देखिन्छ ।
- ग्रामीण क्षेत्रमा विद्यालय स्थापना, वैकल्पिक तथा प्रयोगात्मक पाठ्यक्रमको थालनी हुँदै गएकाले आगामी वर्षमा विद्यार्थी संख्यामा सुधार आउने अनुमान गर्न सकिन्छ ।
- कर्णाली प्रदेशका सम्पुर्ण स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखा बिस्तार भैसकेको साथै सहुलियतपूर्ण कर्जा, कृषि कर्जा, विपन्नवर्ग कर्जा, प्राथमिकताका आधारमा कर्जा लगायतका प्रविधिमैत्री वित्तीय सेवाको बिस्तार बढेकाले आम जनसमुदायमा वित्तीय साक्षरता र वित्तीय पहुँचको वृद्धि हुने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- देश संघीय संरचनामा गएसँगै संघ, प्रदेश र स्थानीय तहको संयूक्त प्रयासमा यस प्रदेशमा सडक तथा विद्युत बिस्तार सुचारु भईरहेको देखिन्छ । निर्माण कार्यका लागि अत्यावश्यक सामग्री आयातमा तथा दक्ष जनशक्तिको आपूर्तिमा सहजता आएसँगै यस प्रदेशमा निर्माणाधीन मध्यपहाडी लोकमार्ग, भेरी बबई डाईभर्सन जस्ता राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यले गति लिने देखिन्छ ।
- कर्णाली प्रदेशका अधिकांश हिमाली जिल्लामा सडक सञ्जाल नपुगेको तथा पुगेको ठाउँमा पनि कालोपत्रे नभएको अवस्थामा, प्रदेश तथा स्थानीय सरकारको अग्रसरतामा त्यस्ता ठाउँमा सडक बिस्तार तथा स्तरोन्नति हुन सक्ने भएकोले कर्णाली प्रदेशको कच्ची तथा कालोपत्रे सडकको हिस्सामा वृद्धि हुने देखिन्छ ।